वर्ष : १७, अंक : ५, काठमाडौं, २०७८ बैशाख ३१ गते शुक्रबार, 14 May 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## जनकपुरमा सय बेडको कोरोना अस्पताल बन्दै

जनकपुरधाम । कोरोना भाइरस संक्रमितको संख्या दिनहुँ तीव्र गतिमा बढ्दै गएपछि प्रदेश २ सरकारले १०० शैयाको कोरोना अस्पताल निर्माण सुरु गरेको छ । जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियास्थित मणिपाल अस्पतालमा भवनमा अस्पताल निर्माण सुरु गरिएको हो । उक्त भवन वर्षौंदेखि निर्माणरोकिएको थियो । प्रदेश सरकारले गत वर्ष नै कोरोना अस्पताल सञ्चालन गर्ने तयारी गरे पनि ठाउँ खोज्नेबाहेक काम भएन । सरकारको चौतर्फी आलोचनार कोरोनाको दोस्रो लहर आएपछि अस्पताल निर्माण कार्य पुनः अगाडि बढाइएको छ । मुख्यमन्त्रीको प्राविधिक सल्लाहकार तथा जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय जनकपुरधामका प्रमुख सिनियर डिभिजनल इन्जिनियर भगवान झाले अस्पतालको निर्माणका लागि छोटो प्रक्रियामार्फत टेन्डर आह्वान गरी दुई सिफ्टमा निर्माणको काम गर्ने गरी प्रक्रिया अगाडि बढाएको जानकारी दिए । ‘तीन करोड २५ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको कोरोना अस्पतालमा कोरोना संक्रमितको उपचारका लागि सबै प्रकारको सुविधा उपलब्ध हुनेछ,’ इन्जिनियर झाले भने, ‘२० शैयाको आइसियुसहितको संरचनाका निर्माण कार्य १५ दिनमा नै सकिने गरी काम अगाडि बढाइएको छ ।’

भवनमा झ्याल, ढोका, पार्टेसन, वायरिङ, प्लम्बिङ, फल्सको दलान, केही ठाउँमा प्लाष्टर,रङरोगनसहितको काम गरिने झाले बताए । प्रदेश २ को सामाजिक विकास मन्त्रालयले नयाँ सञ्चालन हुने यस कोरोना अस्पतालका लागि जनशक्तिको व्यवस्थापनका गर्न सरकारले गृहकार्य अगाडि बढाइसकेको जनाएको छ । मुख्यमन्त्री लालबाबुराउतले नयाँ कोरोना विशेष अस्पतालको निर्माणपछि यस क्षेत्रका जनतालाई ठूलोराहत हुने बताए । मणिपाल शिक्षण कलेजको उक्त निर्माणाधीन संरचना जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समितिले संक्रामक ऐनअनुसार अधीनमा लिएर प्रदेश सरकारलाई कोरोना अस्पताल निर्माणका लागि अधिकार प्रदान गरेको छ । अहिले प्रदेश सरकारले प्रादेशिक अस्पतालभित्ररहेको प्रादेशिक कोरोना विशेष अस्पताल सञ्चालन गरे पनि सो अस्पतालको अवस्था अस्तव्यस्तरहेको छ । जनकपुरधामको प्रादेशिक कोरोना विशेष अस्पताल डेडिकेटेड अस्पताल भएकाले कोरोनाका गम्भीर बिरामीहरूको उपचार हुने गरेको छ । ३२ शैयाको अस्पतालको सबै शैया संक्रमित बिरामीले भरिएको छ ।

## कोरोनाले रौतहटमा दुई पत्रकारको मृत्यु

जनकपुरधाम ।रौतहट जिल्लामा एक पत्रकारर एक सञ्चार उद्यमीको कोभिडका कारण मृत्यु भएको छ । जिल्लाको गरुडास्थितरेडियो मधेश मसालाका स्टेशन म्यानेजर पत्रकार मनोज कुमार चौधरीर गौरस्थितरेड टेलिभजनकी सञ्चालिका सञ्चार उद्यमीरमादेवी यादवको कोभिड संक्रमणको कारण उपचारको क्रममा मृत्यु भएको हो । पत्रकार चौधरीको विरगञ्जस्थित नारायण अस्प्तालमार संचार उद्यमीरमादेवीको गौर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । एक्कासी श्वासप्रश्वासमा समस्या देखिएपछि वैशाख १७ गतेदेखि नारायणी अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा बुधवार मृत्यु भएको हो ।

करीब एक दशकदेखि पत्रकारिता गर्दै आएका पत्रकार चौधरीको परिवारमा श्रीमतिर एक छोरी छन् । कोरोना महामारीका बेलामा गाउँ गाउँमा घुमेर समाचार संकलन गर्दै आइरहेको क्रममा उनी संक्रमित भएका थिए ।

सञ्चार उद्यमीरमादेवीलाई पनि ज्वरो रुघाखोकीर श्वासप्रश्वासमा समस्या देखिएपछि एक हप्ता अगाडि संक्रमण पुष्टि भई गौरस्थित जिल्ला अस्पतालमा उपचार हुँदै आएको थियो ।रमादेवी नेपाल पत्रकार महासंघरौतहटका पूर्व उपाध्यक्ष जय प्रकाश यादवका श्रीमति हुन् ।

यसैबीच, नेपाल पत्रकार महासंघ प्रदेश अध्यक्षराजेशकुमार कर्णले फ्रन्टलाईनरको रुपमा काम गर्दै आएका मृतक पत्रकार चौधरीर संचार उद्यमीरमादेवीको परिवारलाई उचितराहत उपलब्ध गराउन प्रदेश सरकारसँग मांग गरेका छन् ।

# के गर्छ अनिर्णित जसपा ?

## पार्टी भित्रको ध्रुवीकरणले ठोस निर्णय लिन नेताहरू असमर्थ

काठमाडौं । संसदमा विश्वासको मत लिन असफल भएपछि केपी शर्मा ओलीको विकल्प दिन प्रतिपक्षी दलहरु आन्तरिक छलफलमा छन् । यहि सेरोफेरोमा जसपा पनि छ । उसले पनि आन्तरिकर बाह्य छलफल जारीराखेको छ ।

तर ओलीको विकल्प दिने विषयमा जुसपा दुई धारमा विभाजित हुँदा नयाँ सरकार गठन प्रक्रिया जटिल बनेको छ । अध्यक्ष महन्थ ठाकुर नयाँ सरकार गठनको विपक्षमार अर्का अध्यक्ष उपेन्द्र यादव पक्षमा विभाजित हुँदा संविधानको धारा ७६ (२) अनुसार मुलुकले नयाँ प्रधानमन्त्री पाउने सम्भावना कमजोर बन्दै गएको छ ।

ठाकुरसहितका १६ सांसदले नयाँ सरकार गठनको पक्षमा नउभिने जनाएसँगै नेपाली कांग्रेस, माओवादी केन्द्रर जसपाकै उपेन्द्र यादव पक्षसहितको समर्थनमा वैकल्पिक सरकार गठनको सम्भावना कमजोर बन्न पुगेको छ ।

यद्यपि प्रमुख प्रतिपक्षी कांग्रेसले आफ्नै नेतृत्वमा संयुक्त सरकार गठनका लागि पहल गर्ने दोहोऱ्याएको छ । काँग्रेसले जसपा नयाँ सरकार गठनका लागि एकमत नहुँदा विकल्प दिन कठिनरहेको विश्लेषण पनि गरेको छ ।

जसपा नेता ठाकुरर महतोसहितले नयाँ सरकार गठनमा आफ्नो दल सहभागी नहुने भन्दै कुनै व्यक्ति विशेषको सहभागितालाई पार्टीको भनिएराष्ट्रपतिलाई पत्र लेखेका छन् । यसले काँग्रेसलाई झस्काएको छ ।

राष्ट्रपतिलाई भेट्नुअघि ठाकुरर महतोले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि भेटेका थिए । प्रधानमन्त्रीसँग ठाकुरर महताको भेट एक दिनमै दुईपटक भएको हो । प्रधानमन्त्रीसँगको भेटपछि ठाकुरर महतोलेराष्ट्रपतिलाई भेटेका थिए । ठाकुरर महतो आफ्नो अडानमा फेरबदल नभएकोर प्रधानमन्त्रीसँगको भेटमा पनि ठाकुरर महतोले आफूहरू उही अडानमारहेको बताएका थिए ।

दुई धार कामयै

ओली नेतृत्वको सरकारको विकल्पमा नयाँ



### सरकार निर्माण वा सहभागी हुने कार्य मधेश आन्दोलनको मर्म र भावना प्रतिकूल : जसपा अध्यक्ष ठाकुर

काठमाडौं, २८ बैशाख । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले सरकार निर्माण गर्ने, सरकारमा सहभागी हुने वा कुनै पनि किसिमको वैकल्पिक सरकार गठनमा संलग्न हुने कार्य जसपा नेपालको उद्देश्यविपरीत रहेको बताएका छन् । अध्यक्ष ठाकुरले आइतबार राति एक विज्ञप्ति जारी गर्दै वर्तमान राजनीतिक परिस्तिथिमा जसपा नेपाल सत्ताको प्राप्तिभन्दा एजेन्डा सम्बोधनको विषयमा केन्द्रित रहेको र मुद्दा सम्बोधन नै जसपा नेपालको मूल ध्येय रहेको बताएका हुन् । ‘विगत केही हप्तादेखि मधेशी, आदिवासी, जनजाति, थारु, महिला, दलित, मुस्लिमलगायत सीमान्तकृतहरुको महत्वपूर्ण सवालहरु मुद्दा फिर्ता, बन्दि रिहाई, नागरिकता, संविधान संशोधन, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने लगायतको विषयमा जनता समाजवादी पार्टी नेपाल र के पी शर्मा ओली नेतृत्वको नेपाल सरकार बीचको वार्ता तथा तदनुसारको कार्य प्रगति सकारात्मक रूपले अगाडी बढिरहेको तथ्य सर्वबिदितै छ ।’ ठाकुरले विज्ञप्तिमा भनेका छन् । यस्तो अवस्थामा मुद्दाबाट बिचलित भै सरकार निर्माण गर्ने, सरकारमा सहभागी हुने वा कुनै पनि किसिमको बैकल्पिक सरकार गठनमा संलग्न हुने कार्य जसपा नेपालको उद्देश्य बिपरित हो, मधेश आन्दोलनको मर्म र भावनाको प्रतिकुल हो भन्ने जसपाको ठहर रहेको जिकिर गरेका छन् । त्यस्तो कार्य बाट झन अस्थिरता हुने तथा एजेन्डा सम्बोधनको कार्य अझै अनिश्चितता तर्फ धकेलिने प्रायः निश्चित रहेको अध्यक्ष ठाकुरको छ । त्यसर्थ, एक जिम्मेवार राजनीतिक पार्टीको नाताले जसपा नेपाल मधेशी, आदिवासी, जनजाती, थारु, दलित, महिला, मुस्लिम लगायतका सिमान्तकृत, शोषित, पीडित, उपेक्षित समुदायको एजेण्डा सम्बोधनको निम्ति निरन्तर प्रयासरत, कार्यरत र संघर्षरत रहने उनले प्रतिबद्धता गरेका हुन् ।

### उपेन्द्रले ९० करोड युवान लिएकै हुन् त ?

काठमाडौं । अहिले सत्ता समीकरणका लागि निर्णायक मानिएको जनता समाजवादी पार्टी नेपालका दोस्रो नम्बरका अध्यक्ष उपेन्द्र यादवबारे विभिन्न चर्चा-परिचर्चा हुने गरेका छन् । उपेन्द्र यादवले पार्टी फुटाउन लागेको, छापामार शैलीमा हस्ताक्षर गराएको, छिमेकी मित्रराष्ट्र चीनसँग मोटो रकम लिएको लगायतका कुराहरु बाहिर आइरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई जसरी पनि बहिर्गमन हुनुपर्ने वक्तव्य उपेन्द्र यादव दिँदै आएका छन् । यसैबीचमा उपेन्द्र यादवले ओली नेतृत्वको सरकार ढाल्न र माओवादीका अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार बनाउनका लागि चीनसँग ९० करोड युवान लिएको धेरै चर्चामा छन् । यसबारे सामाजिक सञ्जालमा पनि धेरै भाइरल भइरहेका छन् उपेन्द्र यादव । उनीविरुद्ध यस्ता गम्भीर आरोपहरु लागिरहँदा कुनै किसिमको प्रतिक्रिया वा स्पष्टोक्ति आइरहेको छैन । अध्यक्ष यादवले यसबारे नप्रष्ट्याउँदा गम्भीर आशंका उत्पन्न हुँदैछ । यसबारे अध्यक्ष यादवले खण्डन गर्नुपर्ने कतिपय शुभचिन्तकहरुको भनाइ छ ।

गठबन्धनमा सहभागी हुने कि नहुने भन्ने विषयमा पार्टीका दुई अध्यक्ष दुई कित्तामा उभिए पछि पार्टीको विवाद सतह आएको छ । यादव समूह ओलीको विकल्पमा नयाँ गठबन्धन बनाउन सक्रिय भएको छ भने अर्का ठाकुर यसको विपक्षमा देखिएका छन् ।

प्रतिनिधिसभामा जसपाका ३४ सांसद छन् । जसमध्ये २ जना निलम्बित छन् । बाँकी ३२ जनामा १६ जना पूर्वराजपार १६ जना पूर्वसमाजवादीका हुन् । पूर्वराजपाका २ सांसद महेन्द्र यादवर चन्द्रकान्त चौधरी कित्ता परिवर्तन गरी उपेन्द्रको पक्षमा पुगेका छन् । प्रधानमन्त्री ओलीले सोमबार प्रतिनिधिसभामा विश्वासको

बाँकी अन्तिम पृष्ठमा

## स्वास्थ्य मापदण्ड अपनाएर ईद मनाउन आग्रह

काठमाडौं । मुस्लिम आयोगले स्वास्थ्य मापदण्ड अपनाएर ईदको नमाज पढ्न आग्रह गरेको छ । कोरोना महामारीको दोस्रो नयाँ स्वरुप बढ्दै गएकाले यसबाट बच्नका लागि आ-आफ्ना मस्जिद कमिटीले नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड बमोजिम नमाज पढ्न आयोगले आग्रह गरेको हो । आयोगका अध्यक्ष समिम मियाँ अन्सारीद्वारा जारी विज्ञप्तिमा सरकारले तोकेको स्वास्थ्य मापदण्ड बमोजिम मौलना, मोवजीनर मस्जिद कर्मचारीहरुले साविकदेखि नै दैनिक रुपमा मस्जिदमा पाँच टाइमको नाम, जुम्मा नमाज, तराहबी नमज पढ्दै आइरहनु भएकोमा सोही संख्या यथावतराखी इदको नमाज पढ्न अनुरोध गरिएको छ । विज्ञप्तिमा ओल्मानहरु, मुफ्तिहरु, नेपाली जामे मस्जिद,पञ्च कश्मिरी तकिया जामा मस्जिदका पदाधिकारीहरुको सल्लाह बोमोजिम अन्य सबै आ-आफ्नो तरिका अनुसार घरमै सामाजिक दूरी कायम गरी इदको नमाज पढ्न आग्रह गरिएको उल्लेख छ । बिहीबाररमजान महिनाको एक महिने सौम(व्रत,उपासना) पुरा भएको छ । यसको भोलिपल्ट खुशियाली साटासाट गर्दै मुस्लिम सुमदायले ईद-उल-फित्र(ईद) मनाउने गर्छन् । यसपटक शुक्रबार ईद परेको छ ।

## प्राविधिक नहुँदा अस्पतालको भेन्टिलेटर बन्द

राजविराज । सप्तरीकोराजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा एक साता अगाडि जडान गरिएको भेन्टिलेटर बिरामी नराख्दै बन्द भएको छ। प्राविधिक समस्यार स्वास्थ्यकर्मीहरू नै संक्रमित भएपछि उक्त सेवा तत्कालका लागि बन्द भएको हो। अस्पतालमा ४ वटा भेन्टिलेटरसहितको २५ शय्याको एचडीयू (हाई डिपेन्डेन्ट युनिट) गत वैशाख १९ गतेदेखि सञ्चालनमा ल्याइएको थियो। अहिले ती सबै शैयामा कोरोना संक्रमित उपचाररत छन्। उनीहरूको हाई फ्लो अक्सिजनमा उपचार भइरहेको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा.रन्जितकुमार झाले जानकारी दिए। उनले तत्काल भेन्टिलर सञ्चालन नहुने बताए। भेन्टिलेटर बन्द हुँदा गम्भीर प्रकृतिका बिरामीले फेरि विराटनगरर धरानकै भर पर्नुपर्ने भएको छ। त्यहाका भेन्टिलेटर खाली नहुने समस्या छ।राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले अस्पतालको भेन्टिलेटर चलाउन आवश्यक तयारी गरिरहेको बताए। उनले तत्कालका लागिराजविराजकै दुई निजी अस्पताल छिन्नमस्तार युनिकका भेन्टिलेटर प्रयोग गर्ने गरी व्यवस्थापन भइरहेको जनाए।

## वीरगन्जमा जेठ ६ सम्म निषेधाज्ञा

वीरगन्ज । पर्सामा वैशाख १६ गते देखि वैशाख ३० गते सम्मका लागि निषेधाज्ञा एक साताका लागि थप गरिएको छ । जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी ) को बैठकले थप ७ दिनका लागि अर्थात् जेठ ६ गते सम्मका लागि थप्ने निर्णय गरेको हो ।

यसअघि पहिलो वैशाख १६ देखि वैशाख २२ गते सम्मका लागि लगाइएको निषेधाज्ञा वैशाख ३० गते सम्मका लागि थपिएको थियो । कोरोना संक्रमणर मृत्यु दर नियन्त्रणमा निषेधाज्ञा उपयोगी देखिएकाले निषेधाज्ञा ,जेठ ६ गतेराति १२ बजे सम्मका लागि थप्ने निर्णय गरिएको डीसीसीएमसीको बैठकमा सहभागी पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जानकारी दिए । यस्तै डीसीसीएमसीको बैठकले मुस्लिम धर्मावलम्बी इदुल फित्र इद पर्व भीडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी आ-आफनै घरमा मनाउन आग्रह गर्ने निर्णय पनि गरेको छ । यस्तै बैठकले नारायणी अस्पतालको प्रयोगशालामा पीसीआर परीक्षण कार्य, तीन सिफ्टमा २४ सै घण्टा संचालन गर्ने निर्णय पनि गरेको पौडेलले जानकारी दिए । दोस्रो लहर सुरु भएयता वीरगन्जमा कोरोनाबाट ९५ को मृत्यु भएको छ ।

## प्रदेश २ मा शुक्रबार सार्वजनिक बिदा

जनकपुरधाम । प्रदेश २ सरकारले मुस्लिम धर्मावलम्बीहरूको पर्वलाई मध्यनजर गर्दै शुक्रबार सार्वजनिक विदाको घोषणा गरेको छ ।

बिहीबार एक विज्ञप्ति जारी गर्दै मुख्यमन्त्री लालबाबुराउतले मुस्लिम धर्मावलम्बीहरूको पर्व इद उलफित्रको अवसरमा वैशाख ३१ गते शुक्रबार सार्वजनिक विदा दिएको जनाएका हुन् ।

कोरोना महामारीलाई मध्यनजर गर्दै पोहोर झैं यस वर्ष पनि घरमै स्वास्थ्य मापदण्डलाई पालन गरी पर्व मनाउन अपिल समेत उनले गरेका छन् ।

## प्रदेश २ का मन्त्रीहरुद्वारा मन्दिर निरीक्षण



जनकपुरधाम । कोभिड महामारीले प्रदेश-२ मा बिरामीहरु स्वास्थ्य उपचार नपाइरहेको बेला प्रदेशका सामाजिक विकास मन्त्रीर उद्योगमन्त्री मन्दिर निरीक्षण गरेका छन् । सामाजिक विकास मन्त्री नवलकिशोर साहर उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रीरामनरेशराय आफ्नो दलबलसहित सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाको विभिन्न मन्दिर तथा पर्यटकीय स्थलहरुमा घुमफिर गरेका छन् । सामाजिक विकास मन्त्रीका स्वकीय सचिवराजकुमारले सामाजिक सञ्जालमा दुवै मन्त्रीको व्यवस्तता सहितको फोटो पोष्ट गरेका छन् । मन्त्रीद्वयले वैरवाको विवाह मण्डप, योगिनियाको वोटानिकल गार्डेन, सोही स्थानको अधुरोराधाकृष्ण मन्दिरर हनुमाननगरको अधुरोराममन्दिरको स्थलगत निरीक्षण गरेका हुन् । मन्दिरको निर्माण प्रदेश सरकारकै योजना चाँडै पुरा गरिने प्रतिबद्धतासमेत मन्त्रीद्वयले व्यक्त गरेका छन् ।

## सर्लाहीमा १ सय २२ थान अक्सिजन सिलिण्डर जम्मा

सर्लाही । सर्लाही प्रहरीले १ सय २२ थान अक्सिजन सिलिण्डर जम्मा पारेको छ । जिल्लाको तीन वटा चिनी उद्योगमारहेका ८० वटा भरिएकार ४२ वटा खाली अक्सिजन सिलिण्डर जम्मा पारिएको सर्लाहीका प्रहरी उपरीक्षक सन्तोष सिंहराठौरले जानकारी दिए । उनका अनुसार इन्दुशंकर चिनी उद्योग हरिवन, अन्नपूर्ण चिनी उद्योग धनकौलर महालक्ष्मी चिनी उद्योग बगदहमारहेका अक्सिजन सिलिण्डर जम्मा गरिएको हो ।

ती सिलिण्डर जिल्लाका जुनसुकै ठाउँका कोरोना संक्रमितलाई आवश्यक पर्ने बित्तिकै तुरुन्त पुऱ्याउने गरी हाल हरिवनस्थित इलाका प्रहरी कार्यालयमाराखिएकोराठौरले बताए । संक्रमणको अवस्था सामान्य बन्दै गएपछि फिर्ता गर्ने हिसाबले अक्सिजन सिलिण्डर हुनसक्ने अन्य ठाउँ पनि खोजी भइरहेको उनले जानकार दिए । सिलिण्डरको जोहोसँगै स्थानीय प्रशासन अहिले आइसोलेसनको व्यवस्थापनमा समेत सक्रिय भएको छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी हेमराज तामाङले सदरमुकाम मलंगवा, लालबन्दी, हरिवनलगायत स्थानमा आइसोलेसन निर्माणको काम जारीरहेको जानकारी दिए । जिल्लाको उत्तरी भेगका स्थानीय तह आइसोलेसन बनाउने तयारीमा जुटे पनि एमबिबिएस डाक्टरको व्यवस्था नरहेको दक्षिणी भेगका ग्रामीण पालिकालाई आइसोलेसन तयार गर्न समस्या छ ।

## टीकाकरणको निमित्त विशेष योजना र अभियान संचालित गरियोस्



वृषेश चन्द्र लाल

माननीय मुख्यमन्त्री ज्यू,

१. कोविड १९को महामारी अहिले विश्वमै मानवजातिको निमित्त सबभन्दा ठूलो खतराको रुपमा उपस्थित भएको छ । यसको पहिलो चरणले नै विश्व हल्लिएको थियो भने नयाँ-नयाँ स्ट्रेनहरुका आक्रमणले दुनियाँ लडखडाइरहेको अवस्थामा देखिन्छ । कोविडको टीकाकरणको चलिरहेको प्रयासले यसलाई रोक्ने कोशिश निश्चय नै गरेको छ । यसो नभएको भए शायद, मानव जातिको अझ कयौं गुणा विनाश निश्चित थियो । सम्पन्न राष्ट्रहरू नियन्त्रण र उपचारको क्षेत्रमा आगाडि देखिए पनि हामी जस्ता आर्थिक श्रोत-साधनमा कमजोर राष्ट्रहरू अहिले ठूलो सङ्कटमा छन् । नेपालमा कोविडको संक्रमणको वृद्धि अनियन्त्रित जस्तो भएको छ । हाम्रो मधेश प्रदेशको कुरा गर्ने हो जनसंख्या, शैली र खुला सिमानाका कारणले यसलाई अत्यन्त खतराउन्मुख क्षेत्रको रुपमा मान्नै पर्ने हुन्छ ।

कोविडबारे उपलब्ध प्रायसः जानकारी र यसबाट आगाडि आउन सक्ने यावत् परिस्थितिको अन्दाज माननीय मुख्यमन्त्री ज्यूलाई छँदै छ । यहाँले पहिलो चरणताका यसलाई नियन्त्रित गर्न क्षमताले भ्याएसम्म प्रयत्न गर्नु भएको थियो । अहिले पनि गरिरहनु भएकै होला । जनकपुरको मणिपाल हस्पीटलको स्थललाई कोविड उपचारकेन्द्रको रुपमा शिघ्रातिशिघ्र विकसित गर्ने कुरा सुनेको छु । यसका निमित्त प्रारम्भदेखि नै अपील गरिरहने मध्ये म पनि एक भएको हुनाले यस निर्णयले खुशी भएको छु र साधुवाद दिन चाहन्छु ।

२. तथापि, कोविडको पहिलोचरणको क्रम र त्यसको अनुभव लिए पछि पनि प्रदेशको कोविड नियन्त्रसंग सम्बन्धित जिम्मेवार मन्त्रालय, विभाग लगायतका संयन्त्रहरू अर्को चरणको सङ्कट पनि आउन सक्ने, नयाँ-नयाँ भेरियन्ट-स्ट्रेनहरू हुन सक्ने, त्यस्तो अवस्थामा उपचारको निमित्त तम्तयार रहनु पर्ने अथवा खोपको आविष्कार भएपछि टीकाकरणको काम गर्नु पर्ने कुराहरु तर्फ गम्भीर रहेको भने देखिएन । स्थानीय निकायहरुसंग समन्वयपक्ष समेत कमजोर देखियो । पहिलो चरणमा भएका खर्चहरू दोस्रो चरणको मुकाबिला गर्ने रणनीतिसंग जोडिएको तर्फ कहींकतै रहेको देखिएन, महशूस गरिएन । सबै क्षेत्रमा ‘महामारी आउँछ जान्छ’ भन्ने मानसिकता रहेको पाइयो । प्रदेश वा स्थानीय तहहरू समेत अनुकरणीय योजना, रणनीति वा अन्य कुनै अवधारणा दिन सक्दछ भन्ने सोचसम्म रहेको देखिएन । जसले जे भने पनि वा प्रचार जे गर्ने प्रयास भए पनि परिणामले यही देखाउँछ । यस तर्फ यहाँको ध्यान जाओस् भनी अत्यन्त विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु किनभने अनुसूची ६ बमोजिम ‘स्वास्थ्य सेवा’ प्रदेशको संवैधानिक जिम्मेवारी नै हो ।

३. कोविडका रोगीहरूको उपचारको हरसम्भव व्यवस्था होस् । कम से कम ८ वटै जिल्लालाई ध्यानमा राखी सबै क्षेत्रका रोगीलाई यथासम्भव पाइक पर्ने गरी आवश्यक उपकरणहरू सहितका ३/४ वटा अस्पतालहरूमा उपचारको व्यवस्था होस् । हरेक जिल्लामा आवश्यकतानुसार अस्पतालहरु तोकियोस् । प्राइवेट अस्पतालहरूमा छुट्टै वार्ड निर्माण गरी सम्भव कम से कम शुल्कमा उपचारको अनिवार्य व्यवस्थाको सुनिश्चितताको निमित्त आवश्यक कदम चालियोस् । यस सम्बन्धी आवश्यक रणनीतिको निर्माणको लागि र त्यसको कार्यान्वयन पक्षको सुपरिवेक्षणको निमित्त राजनीतिक आग्रह बिनाको प्रतिवद्ध विज्ञहरुको सङ्यन्त्रको सक्रियताको अपरिहार्य आवश्यकताप्रति पनि ध्यान आकृष्ट गराउन चाहन्छु ।

४. लकडाउनले कोविडको महामारीको संक्रमण गतिलाई केही समयको निमित्त मत्थर पार्न सक्दछ तर सामूहिक प्रतिरोध-क्षमता ( ज्भचम-क्ष्मगलष्तथ) नहुन्जेल कोविडको चरणवद्ध आक्रमणको मुकाबिला गर्न सकिन्न । कोविडको लहर र त्यसको बाध्यकारी परिणामले हुने लकडाउनका कारण आर्थिक गतिविधिहरू ध्वस्त हुने हुँदा देश मात्र होइन, हाम्रो प्रदेश झन आर्थिक रुपले जर्जर हुन जानेछ । सामूहिक प्रतिरोध-क्षमताको सबभन्दा राम्रो उपाय टीकाकरण हो । त्यसकारण, टीकाकरणमा लगानी, व्यवस्थापन, समन्वयमा सहजीकरण समेत प्रदेश सरकारको महत्वपूर्ण जिम्मेवारी हुन जान्छ । संघीय स्वास्थ्य मन्त्रालयले यसका लागि गरिरहेको व्यवस्था माथि नै भर परेर हुन सक्दैन । हाम्रो प्रदेशमा अहिलेसम्म उमेरमा ज्येष्ठहरूलाई टीकाको दोस्रो डोज दिनु प्रारम्भ नै भएको छैन । त्यसै उमेरवर्गका कतिपय नागरिक पहिलो टीका पनि लिन सकेका छैनन् । ६० वर्षका तलकाहरू जो बालबालिका र हाम्रा काम गर्ने उत्पादन समूहका वर्गहरु हुन् -- विचल्लीमा छन् । अन्यत्र यी समूहलाई टीका दिन शुरु गरिए पनि हामी कहाँ कुनै सुरसारको संकेत देखिन्न । यसबारे व्यवस्थापनको निमित्त पहलको जिम्मेवारी निश्चय नै प्रदेश सरकारको हो भन्ने तर्फ समेत ध्यानाकर्षण गराउन चाहन्छु ।

५. महामारीबाट आम जनताको ज्यूजानको सुरक्षा र लोकगतिविधिलाई प्रगतिमूलक सामान्य ट्र्याकमा राख्नु प्रदेश सरकारको पहिलो प्राथमिकता हुनु पर्नेमा विवाद हुन सक्दैन । अतएव प्रदेश सरकारको अन्य योजनाहरू तत्काललाई रोक्नु

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# महामारी, राजनीति र सत्ता

देश अहिले कारोनाभाइरसको दोस्रो चरणको महामारीबाट ग्रसित छ । जनता त्राहीमाम गरिरहेका छन् । महामारी नियन्त्रण गर्न लगभग देशैभर निषेधाज्ञा जारी गरिएको छ । तर जनताले सर्वसुलभ ढंगले उपचार पाउन सकिरहेको छैन । प्राणवायुको अभावमा अकालमै नागरिकले ज्यान गुमाइरहेका छन् । जनताले अस्पतालमा उपयुक्त ठाउँ पाइरहेका छैनन् ।

मुलुक अहिले कोभिडको दोस्रो लहरबाट आक्रान्त छ । कोभिड बिमारीबाट छट्पटिएका नागरिकले अस्पतालमा भर्ना नपाएर बाटबाटै ज्यान गुमाएका समाचार र तस्बिर सार्वजनिक भएका छन् । अक्सिजन र आइसियु अभावमा बिमारीको मृत्यु भएको समाचार पढ्नु र सुन्नुपरेको छ । स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरू जनशक्ति तथा साधनका कमीले बिमारी बचाउन नसक्ने अवस्थामा पुगेका छन् । महामारीबाट नाजायज फाइदा उठाइ बिमारीबाट अत्यधिक रकम असुल गरी यस आपत्मा शोषण गर्ने अस्पताललाई कारबाही हुँदैन ।

कोरोना संक्रमितको उपचारमा युद्धस्तरमा लाग्ने बेलामा राजनीतिक दलहरू चाहे ती सत्तासीन हुन् वा विपक्षी, सत्ता लुँछाचुँडीको विद्रुप

**सरकार कसले बनाउँछ र को प्रधानमन्त्री हुन्छ भन्ने प्रश्नमा जनताको पटक्कै चासो छैन । जनताले सुशील कोइराला, खड्गप्रसाद शर्मा ओली, प्रचण्ड, शेरबहादुर देउवा सबैको शैली देखेका छन् ।**

प्रहसनमा व्यस्त छन् । यसले नेपालको लोकतान्त्रिक राजनीतिक व्यवस्थामाथि प्रश्नचिह्न खडा भएको छ । सरकार केका लागि ? जनताका लागि वा केही निश्चित व्यक्तिको सुखसयलका लागि ? नेपाली जनता यो संकटको घडीमा सोच्न बाध्य भएका छन् । विषम परिस्थितिमा पनि सरकारचाहिँ कसैले उपचार नपाएर मर्नुपर्ने छैन, नेपालमा कोरोना नियन्त्रणमा छ भन्दै देशवासीका नाउँमा सम्बोधन गरेर बस्छन् र आफ्नो जिम्मेवारी पूरा भएको ठान्छन् । शासकसँग सबथोक छ । त्यसैले ऊ ढुक्क छ । जनतासँग केही छैन । त्यसैले जनतालाई भने दुःखैदुःख छ । कोरोना त्रासले जनता त्रसित र भयभीत छन् तर शासक निश्चिन्त छ ।

संकटका बेला राज्यका सबै शक्ति परिचालन गर्ने र सबै पार्टीहरू आफ्ना विवादलाई थाती राखी एक ठाउँमा उभिनुपर्ने हो । अरू देशमा राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मले कोरोना नियन्त्रणमा भएका सरकारका काम–कारबाहीबारे दिनहुँ मिडिया र देशलाई 'ब्रिफिङ' दिने गरेको पाइन्छ । तर नेपालमा भने अक्सर राजनीतिक नेतृत्व यस्ता संकटका बेला पछाडि बस्ने, कर्मचारीतन्त्रलाई जनतासामु उभ्याएर आफू पन्छिने चलन छ । यद्यपि डाक्टर, नर्स र अरू फ्रन्टलाइनमा रहेकाहरू आफूलाई संक्रमण हुँदासमेत अठार–बीस घण्टा खटेर संकटमा जस्तो मानवीयता, समर्पण र साहस देखाइरहेका छन् । त्यो त्यागलाई जति धेरै नमन गरे पनि कम हुन्छ ।

सरकार कसले बनाउँछ र को प्रधानमन्त्री हुन्छ भन्ने प्रश्नमा जनताको पटक्कै चासो छैन । जनताले सुशील कोइराला, खड्गप्रसाद शर्मा ओली, प्रचण्ड, शेरबहादुर देउवा सबैको शैली देखेका छन् । कोरोना महामारीको व्यवस्थापनमा प्रधानमन्त्रीले फैलाएको अराजकता सबैले बुझेका छन् त्यसैले अब नेतृत्व हातमा लिन चाहनेले कोरोना नियन्त्रणका लागि ठोस योजना दिन सक्नुपर्छ । अबको परिवर्तनपछि, सत्तामा पुग्ने जोकोहीले पनि सबभन्दा पहिले जनताको आधारभूत कुराहरूमा विचार पुर्‍याउनुपर्छ ॥ अहिलेसम्म यो देशको बागडोर त्यस्ता मानिसले सम्हालेका छन्, जसले कहिल्यै देश र जनताको चिन्ता गरेनन्, क्रान्तिका आदर्शहरूको सम्मान गरेनन्, देशको साधन र स्रोतलाई लुट्ने काममा मात्र लगे ।

# कोरोना कहरबीच राजनीतिक दाउपेच

**विचार–विश्लेषण** भाग–९१



उपेन्द्र झा

**अपमानजनक तरिकाबाट ओली सरकारबाट निष्काशित उपेन्द्र यादवलाई ओलीले कुनै महत्व नदिएकोबाट उपेन्द्र यादवको स्वाभिमानमा चोट खाएर ओलीको विरुद्ध जानु स्वाभाविक देखिएको हो । मधेशको मुद्दामा ओली लचक देखिँदा यसमा सिंगो जसपा एकमतले भिड्नु पर्दथ्यो ।**

भनिन्छ, 'राजनीतिमा सीधा लाइन चल्दैन ।' तर राजनीतिक व्यक्तिको स्वार्थलिप्सा पूरा गर्ने साधन भई देश र जनताको उन्नति प्रगतिको माध्यम हो । यो सर्वमान्य सिद्धान्त मान्नेहरु पनि पथभ्रष्ट भएर राजनीतिलाई आफ्नो लागि प्रयोग गर्दा देशमा राजनीतिक असन्तुष्टि फैलिनु स्वाभाविक हो ।

देशमा दोस्रो चरणको कोरोनाको महामारी व्याप्त छ । दिनहुँ २५० देखि ३०० हाराहारीको संख्यामा मृत्यु भइरहेको छ । अस्पतालमा बेड, अक्सिजनको अभावमा मानिसले ज्यान गुमाउने बाध्यता छ । संक्रमित को उच्च दरलाई लकडाउनले पनि रोक्न सकेको छैन । लकडाउनले मानिसको जनजीविका माथि पारेको नकारात्मक प्रभाव पनि ठूलो समस्याको रुपमा देखा परेको छ । विगतमा ८ महिनाको लकडाउनले मानिसको आर्थिक अवस्था साह्रै दयनीय बनाएको थियो । लकडाउनबाट बाहिर निस्केको ३ महिना नबित्दै नयाँ भेरियन्टसहितको कोभिड–१९ को महामारी पुनश्चः देशमा प्रवेश गर्‍यो । लकडाउन लगाउँदा पनि संक्रमण नियन्त्रण रेखाभन्दा बाहिर गएको छ । दिनहुँ १०–२० गर्दै मृत्युदर यसले २५० को उच्च बिन्दूमा पुर्‍याएको छ ।

कोरोनाको विपदासँग लड्नुको सट्टा सत्ता प्राप्तिका लागि निम्नस्तरको राजनीतिक दाउपेचमा सबै राजनीतिक दलहरु लिप्त भई पारस्परिक शक्ति क्षीण पार्ने कालीदासको भूमिकामा देखा परेका छन् । कुन बेला कुन काम गर्ने व्यवस्थित जिम्मेवारीबोध नभएका शासकहरुको स्वार्थ नै सर्वोपरि रहेकोले बेमौसमका बाजा बजाइरहेका छन् । स्वार्थमाथि चोट पर्ने वित्तिक्कै क्रियाशील हुने र अन्य समयमा हुन नसक्ने दलीय अगुवाहरुसँग जनताले के अपेक्षा गर्ने ? कोरोनाको कहरबाट पीडित जनताप्रति समवेदनशील हुन नसकेका राजनीतिक दलहरु अहिले सरकार बनाउने र खसाल्ने दाउपेचमा लिप्त छन् ।

देश र जनताका लागि सत्ता प्राप्त गर्ने संघर्ष, आन्दोलन, क्रान्ति मान्य हुन्छ तर सत्ता प्राप्त गरी राजनीतिक अगुवाहरु स्वार्थका लागि राजनीतिलाई प्रयोग गर्छन्, त्यहाँ तानाशाह, स्वेच्छाचारी, निरंकुश शासकको जन्म हुन्छ । अहिले त्यहीं भएको छ । संविधान र त्यसका नियम कानूनहरु किताबमा बन्द छ र स्वेच्छाचारीले देश चलाइरहेको छ ।

अविश्वासको प्रस्ताव दर्ता नभए पनि विश्वासको मत लिन प्रधानमन्त्री केपी शर्मा ओलीले यही बैशाख २७ गते विशेष संसद अधिवेशन बोलायो । ओलीको पक्षमा ९३ मत, उनको विरोधमा नेपाली कांग्रेसको ६१, माओवादी ४८ र जसपा उपेन्द्र गुटको १५ गरी १२४ मत परेको थियो । जसपाको ओली समर्थक महन्थ ठाकुर, राजेन्द्र महतो गुटको १५ मत तटस्थ रह्यो । एमालेको ओली विरोधी नेपाल खनाल गुटको २८ सांसद मतदानमा भाग नलिएर अनुपस्थित रहे ।

विश्वासको मत नपाएर राजीनामा दिई काम चलाउ प्रधानमन्त्री ओलीले विपक्षलाई सरकार बनाउन अवसर दिएका छन् । राष्ट्रपतिले एक वा एकभन्दा बढी दलहरुको बहुमतले सरकार बनाउन विपक्षलाई बैशाख ३० गतेसम्मको आमन्त्रण दिएको छ । अहिले निर्णायक रुपमा रहेको जसपा पक्ष र विपक्ष गरी आधी–आधी सांसद संख्या विभाजित अवस्थामा छ । बहुमत सिद्ध गर्न १३६ को सांसद संख्या अनिवार्य रहेकोले विपक्षले १२४ मत पाएको छ । १३६ मत पाउन सिंगै जसपाको मत चाहिन्छ । जसपा अहिले दुई लाइनको आन्तरिक संघर्षमा रहेकोले बहुमतको सरकार बन्न कठिन छ । यस्तो अवस्थामा सत्ता पुनश्चः ओलीकै कब्जामा आउने निश्चित छ ।

अहिले जसपा जस्तै एमाले पनि दुई धारमा विभाजित छ । माधव नेपाल समूहका २८ सांसद मतदानमा अनुपस्थित रहँदा एमाले पार्टीद्वारा कारबाहीका भागिदार बनेका छन् । तर विपक्षले सरकार बनाउन असफल भएपछि मात्र कारबाही गर्ने ओलीको रणनीति रहेको छ । उता माधव नेपाल पक्ष सूर्य चिन्हभित्र पाँच तारा राखेर अर्को पार्टी दर्ता गर्न तयार बसेको पनि चर्चा छ । विपक्षका धार तयार गर्दा माधव नेपाल पार्टीमा बहुमतमा रहँदा विस्तारै अल्पमतमा पर्दै गएको छ । मतदानभन्दापूर्व माधव नेपाल समूहका सांसदहरुद्वारा सामूहिक राजीनामा आउने व्यापक चर्चाबीच निर्णय बद्लेर अनुपस्थित हने निधो गर्‍यो । पार्टी एकता भंग नगरी पार्टीभित्रै संघर्ष गर्ने सांसदहरुको निर्णय अनुसार मतदान बहिष्कार गरिएको हो । विपक्षले सरकार बनाउन असफल भई जब सत्ताको हातमा आउँछ अनि २८ सांसद कारबाहीमा पर्ने निश्चित छ ।

एकताको बाह्यम आवरणले एक वर्षको अन्तरालमा पनि दुई पार्टीबीचको मत भिन्नतालाई साम्य पार्न नसकेको अवस्थामा एकता आफै कमजोर देखिएको छ । ओलीको विश्वासको मत लिने कुरामा पक्ष र विपक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव दुई धारमा विभाजित भएका छन् । एमाले जस्तै जसपा पनि एक अर्काप्रति आक्रामक देखिएका छन् ।

संविधान संशोधन, नागरिकता समस्या, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने, झुठा मुद्दा खारेजी र रेशम चौधरीको रिहाइ सम्बन्धमा ओली सरकार गम्भीर बनि कारबाही अगाडि बढाएको र १५० जनाको मुद्दा फिर्ता भएको, रेशम चौधरीको अदालती प्रक्रियाको जटिलताले हुन नसकेको, ढिलो–चाँडो सम्बोधन गरिने ओलीको वचनबद्धतामा जसपाका महन्थ–महतो पक्ष लचक देखिनु स्वाभाविकै हो ।

अपमानजनक तरिकाबाट ओली सरकारबाट निष्काशित उपेन्द्र यादवलाई ओलीले कुनै महत्व नदिएकोबाट उपेन्द्र यादवको स्वाभिमानमा चोट खाएर ओलीको विरुद्ध जानु स्वाभाविक देखिएको हो । मधेशको मुद्दामा ओली लचक देखिँदा यसमा सिंगो जसपा एकमतले भिड्नु पर्दथ्यो । आखिर ओली सरकारमा संविधान संशोधन गराउन ओलीलाई सहयोग गर्न उपेन्द्र यादव गएकै हुन् । मतभिन्नताका कारण मधेश मुद्दा नभई स्वार्थसिद्धी हो ।

सत्तामा आएदेखि केपी शर्मा ओली अवरवादी राजनीति के हो र र यो कसरी गरिन्छ, सबै राजनीतिकर्मीलाई राम्ररी सिकाएको छ । पाँचवर्षे कार्यकाल पूरा होस् अथवा नहोस् उनले सात वर्षदेखि सत्तामा प्रशिक्षकको रुपमा राजनीतिक दललाई मात्र होइन शक्तिकेन्द्रलाई पनि आफ्नो अनुयायी बनाउन पछि परेको छैन ।

अहिले पनि ओली कस्तो नाटकीय ढंगले विपक्षलाई सरकार बनाउन अवसर दिएर असफल पारी आफूले नै सत्ता लिने रणनीति कति सफलतापूर्वक बनाएका छन् । सबै विपक्षलाई तह लगाएर पुनश्चः नयाँ जनादेश लिने ओलीको रणनीति आगामी दिनमा कितको सफल हुने उनकै कुशलतामा भर पर्ने कुरा हो ।

janukjha24@gmail.com

# जनमत पार्टी जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचन सम्बन्धी जानकारी

१. जिल्ला समन्वय समितिका पदेन तथा केही सम्भावित मनोनित सदस्यहरूको प्रारम्भिक विवरण प्रकाशित गरिएको छ। यो सूची अन्तिम होइन।

२. कृपया सबै सदस्यहरूले आ–आफ्नो मोबाइल नम्बर चेक गर्नु होला किनकि ई–भोटिंगका लागि आवश्यक यूनिक पिन नम्बर तपाईंको सोही मोबाइल नम्बरमा पठाइनेछ। मोबाइल नम्बर गलत भएमा मतदान गर्न सकिने छैन। मोबाइल नम्बर सीधै सच्च्याउनु परेमा नागरिकताको प्रतिलिपी साथमा राखी नयाँ मोबाइल नम्बरको विवरण 9804793880 मा WhatsApp गरी वा janamatparty@gmail.com मा इमेल गरी पठाउनु पर्नेछ। सच्च्याउनका लागि जिल्ला इन्चार्जलाई पनि सम्पर्क गर्न



सकिन्छ। तोकिएको मिति (दाबी विरोधको मिति भित्रमा मोबाइल नम्बर सच्च्याइसक्नु पर्नेछ, पछि सच्च्याउन पाइनेछैन। सच्चाइएको मोबाइल नम्बर नै पछि कायम हुनेछ।)

३. यस सूचीमा अधिवेशन नभएका वडा/पालिकाका सम्भावित मनोनित सदस्यको रूपमा सो ठाउँको तदर्थ समितिको संयोजकलाई राखिएको छ। (हरियोमा)

४. महिलाको संख्या एक तिहाइ पुर्‍याउन वडा/पालिकाका महिला उपाध्यक्षलाई मनोनितमा राखिएको छ। (हरियोमा)

५. खाली रहेको वडा/पालिकामा मनोनयनका लागि जिल्लाले सिफारिश गर्न सक्नेछ। जिल्ला इन्चार्जले आफ्नो जिल्लाको सूची प्रिन्ट गरेर सरोकार राख्ने प्रमुख व्यक्तिहरूसँग सामूहिक रूपमा गृहकार्य गर्न सक्नेछ।

६. त्यसका अलावा जिल्लामा सक्रिय रहेका नेतृत्वहरूको नामावली पनि दिएको फरमेटमा मनोनयनका लागि सिफारिश गर्न सकिनेछ।

७. याद रहोस्, जिल्लाबाट पठाएको सूची सिफारिश मात्रै हुनेछ, अन्तिम निर्णय केन्द्रिय कार्यकारिणी समितिको हुनेछ र त्यसले आवश्यकता अनुसार नाम हटाउन वा थप्न सक्नेछ।

# अहिलेको राजनीतिक संकट संविधानको त्रुटीले गर्दा हो

सम्माननीय सभामुखज्यू,

सर्वप्रथम कोभिड-१९बाट पीडित सबैलाई स्वास्थ्य लाभको कामना गर्दछु । यो महामारीबाट जो जसले अकालमा ज्यान गुमाएका छन्, उनीहरुप्रति श्रद्धाञ्जली र उनको परिवारजनप्रति हार्दिक गहिरो समवेदना प्रकट गर्दछु ।

जहाँसम्म प्रधानमन्त्रीको विश्वासको प्रस्तावको पक्ष छ, म के निवेदन गर्न चाहन्छु भने हामी यो प्रस्तावको पक्षमा पनि छैनौं र विपक्षमा पनि छैनौं । किनकि हामीहरु आफूलाई पनि राजनीतिक दृष्टिले लोकतन्त्र आइसकेपछि पनि पीडित अवस्थामा छौं । हाम्रा साथीहरु जेलमा छन्, हाम्रा सांसद रेशमला चौधरी अहिले पनि जेलमै छन्, रेशम चौधरीलाई त हामी यहाँ हेर्न चाहन्छौं तर उहाँ त जेलमा हुनुहुन्छ । त्यस्तै प्रदेशका हाम्रा मन्त्रीहरु पनि तारेख धाइरहेका छन्, हाम्रा धेरै मेयरहरु तारेखमा बसेका छन् र सयौं कार्यकर्ताहरु अझै पनि विभिन्न किसिमका मुद्दाहरु खेपिरहेका छन् । किन ? यो संविधानले गर्दा । अहिलेको जुन अवस्थामा हामी छौं, त्यो संविधानको त्रुटिले गर्दा नै हो । हामी जुन आन्दोलन गरेका थियौं संविधानमा संशोधनका लागि, यदि त्यसबेला हाम्रो कुरा सुनिएको भए सायद आज यो स्थिति आउने थिएन ।

हुनत मैले यहाँ सुनें कि प्रधानमन्त्रीलाई मजबुत बनाउनका लागि सरकार पूरा समय काम गरोस् । भन्नका लागि संविधान बनाइयो, धारा ७६ राखियो । तर त्यो धाराले त अहिले के देखाइरहेको भने त्यो धाराले त प्रधानमन्त्रीलाई मजबुत बनाएको छैन । यदि दुई वर्षभित्रै प्रधानमन्त्री अल्पमतमा पर्नुहुन्छ भने त्यस्तो धाराको औचित्य के ? दुई वर्षसम्म त अविश्वासको प्रस्ताव पनि ल्याउन सकिँदैन । तर यदि अल्पमतमा पर्‍यो भने के बजेट बनाउन सकिन्छ त ? कसरी देश चल्छ त ? त्यस्ता गम्भीर त्रुटिहरु यो संविधानमा देखा परेको छ र हामीले संविधान संशोधनको माग अहिले पनि गरिरहेका छौं ।

म प्रधानमन्त्रीजीप्रति आभार पनि प्रकट गर्छु र धन्यवाद पनि दिन चाहन्छु कि हाम्रा जुन मुद्दाहरु छन्, त्यसलाई थोरै भएपनि सम्बोधन गर्ने प्रयसा गर्नुभयो । अन्य दलहरु नेपाली कांग्रेसका नेता शेरबहादुरजी तथा प्रचण्डजीलाई पनि म धन्यवाद दिन चाहन्छु कि उहाँहरु हाम्रो मुद्दालाई मान्नुहुन्छ, हाम्रो पीडालाई सुन्नु हुन्छ तर उपचार भइरहेको छैन । म प्रधानमन्त्रीप्रति किन आभार प्रकट गर्छु कि उहाँले हाम्रो कुरा सुन्नुभयो र त्यसतर्फ कार्य गर्ने पनि अगाडि बढ्नुभएको छ । हाम्रा करिब १२० जना जति साथीहरु अहिले मुक्त भएका छन् तर अझै पनि हाम्रा साथीहरु, नेताहरु जेलमा नै छन् । कैद सजाय भोगिरहेका छन्, तारिखमा छन् र लुकीछिपी बस्ने अवस्था अहिले पनि छँदैछ । त्यसको पनि निराकरण होस् भन्ने हामी चाहन्छौं ।

त्यसैले यो अवस्थामा हामी कसैलाई मत दिने अवस्थामा छैनौं । हामी तटस्थ रहन चाहन्छौं । किनकि अहिले पनि हामी विभेदबाट पीडित छौं, भेदभावबाट पीडित छौं । जातीय, क्षेत्रीय आधारमा पीडित छौं । लोकतन्त्र आइसकेपछि पनि विभेद र भेदभाव मेटिएको छैन । लोकतन्त्रको जुन स्वतन्त्र वातावरण छ, त्यो सबैले उपयोग गर्न पाओस्, सबैका लागि होस्, आफ्ना अधिकारका लागि संघर्ष गर्दा कोही पनि जेलमा नरोस् भन्ने हाम्रो चाहना हो । अपराधीलाई सजाय होस्, तर राजनीतिक कारणले जुन आन्दोलनहरु भएका छन्, त्यसले गर्दा सजाय भोग्न नपरोस् । यो अवस्था कहिल्यै पनि नआओस् । किनकि हामी सबैले लोकतन्त्रका लागि मिलेर नै संघर्ष गरेका हौं । त्यसबेला पनि हामीले गोली नै खानु परेको थियो, त्यसबेला पनि जेलमा बस्नु परेको थियो । तर लोकतन्त्रपछि पनि यही अवस्था रहन्छ भने त्यसलाई लोकतन्त्र भन्ने कि नभन्ने ? हरेक ठाउँमा एउटै किसिमका अनुहार देखिन्छ, जबकि हामी बडो गर्वले भन्छौं कि हाम्रो समाज डाइभर्स र हाम्रो डाइभर्स संस्कृति छ । एक साथ बस्दा पनि समानता छैन । महिला पुरुषमा विषमता छ, अधिकारका लागि उनीहरुको पनि संघर्ष छ । त्यस्तै जातजातिको आधारमा, दलितको आधारमा, आर्थिक, सामाजिक दृष्टिकोणले जो पछाडि परेका छन्, त्यो पीडाबाट अहिले पनि मुक्त हुन सकेका छैनन् । त्यसतर्फ हाम्रो प्रयास हुनुपर्छ अनि मात्रै यो संविधानमा हाम्रो पनि अपनत्व महसुस हुन्छ । यो संविधान हाम्रो पनि हो, हाम्रै प्रतिनिधिहरुले बनाएको संविधान हो । त्यो अनुभूति अहिलेसम्म पनि हामीले गर्न सकेका छैनौं । किनकि कुनै पनि संविधान सर्वकालिक र सार्वभौम हुँदैन । त्यसमा संशोधनको आवश्यकता परेमा, संशोधन गर्नुपर्छ र हुनुपर्छ । त्यो आवश्यकता त आइसक्यो, परिसकेको छ । यो संविधानले आफै भनिरहेको छ कि संशोधन गर, होइन भने देशमा जो परिस्थिति छ, त्यो परिस्थिति पटक-पटक आइरहन्छ ।

यहाँ दुई किसिमको संकट छ । एक किसिमको संकट राजनीतिक हो, जुन यो संविधानले गर्दा आएको छ । दोस्रो महामारीले गर्दा आएको छ । जनताको त बेहाल छ । बेरोजगारी बढेको छ, खान पाइरहेका छैनन्, काम पाइरहेका छैनन्, औषधि पाइरहेका छैनन् । यो अवस्था त हाम्रो समाजको छ । सरकारले जति प्रयास गरेपनि सबै समक्ष पुग्न सकेको छैन । किनकि यो महामारी त आज घर-घरमा देखा परिरहेको छ । यसको त उपचार हुनैपर्छ । सरकार जति सक्रिय भएपनि त्यहाँसम्म पुग्न सकेको छैन । सरकारको जुन विकास निर्माणको काम छ, यो महामारीप्रति सरकारले जे गरिरहेको छ, त्यो सबै ठाउँमा अहिले पनि पुग्न सकेको छैन । हामी दिनहुँ अखबारमा पढ्छौं कि अक्सिजन छैन, सिलिण्डर छैन, अस्पतालमा बेड छैन । यो त छैन भने ल्याउनुपर्‍यो, गर्नुपर्‍यो । तर जति प्रयास भएपनि अहिले अभावै छ । हुन त यो विश्वव्यापी रोग हो, हाम्रै कारणले यो आएको छैन । त्यसैले सबै कुरालाई विचार गर्दा पनि हाम्रा जुन साधनस्रोत छ, त्यसको सदुपयोग होस् ।

म फेरि पनि भन्न चाहन्छु कि सम्माननीय प्रधानमन्त्रीजीको यो प्रस्तावको पक्षमा पनि छैनौं र विपक्षमा पनि छैनौं । हाम्रो दल जसपा यसलाई तटस्थ रुपमा बस्न चाहन्छ । उहाँहरुले पनि बुझिदिनुपर्‍यो कि किन यस्तो अवस्था आयो । हामी त उहाँहरुको साथ रहन चाहन्छौं । तपाइँहरु सबैको सद्भाव मैले पाएको हुँ, नपाएको होइन । तर जुन अवस्था हाम्रो सामुने विद्यमान छ, त्यसले गर्दा हामी तटस्थ रहन चाहन्छौं । हामी कुनै पक्षमा मत दिने अवस्थामा छैनौं ।

धन्यवाद ।



**महन्थ ठाकुर**

**अध्यक्ष, जसपा नेपाल**

# ओलीबाट मधेशले धोका र विश्वासघात बाहेक केही पाएन



**उपेन्द्र यादव**

**अध्यक्ष, जसपा नेपाल**

सम्माननीय सभामुख महोदय,

सबभन्दा पहिला यो कोभिड-१९ महामारीबाट दिवंगत हुनुभएका नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली र उनीहरुका परिवारजनप्रति समवेदना प्रकट गर्न चाहन्छु । अहिले हजारौं हजार नेपाली नागरिकहरु उपचारको अभावमा, बेडको अभावमा, औषधिको अभावमा छट्पटाइ रहेका छन् । उनीहरुको समेत शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । डब्ल्युएचओले एक वर्ष अगाडि नै नेपाललाई चेतावनी दिएको थियो कि नेपालमा ठूलो खतरा आउँदैछ र कोभिडको खतराको जोनमा छ । तर सरकारले बेवास्ता गर्‍यो । सरकारले गर्नुपर्ने तयारी केही पनि गरेन, जसको परिणाम आज अस्पतालमा बेड छैन, बरण्डामा सुतेका छन् मान्छेहरु । औषधिका अभावमा परिवारहरु रोएर छट्पटाइरहेका छन्, बिरामीहरु मरिरहेका छन् । यो घटना दिनहुँ भइरहेका छन् । यसरी सरकारले ध्यान दिनुपर्दथ्यो । कोरोना महामारीतर्फ सरकारको ध्यान नगइ अयोध्यतातिर गयो । चितवनमा अयोध्या खडा गर्नतिर, रामको रथ यात्रातर्फ सरकारको ध्यान गयो । त्यसले कोरोना निको हुन्छ ? प्रचण्डजी खुशी हुनुहोला भनेको त उहाँ पनि दुःखै व्यक्त गर्नुभएको छ ।

सभामुख महोदय,

जहाँसम्म सवाल छ कि यो तीन वर्षको । समझदारी त यो प्रधानमन्त्रीले गर्नुहुन्छ । हाम्रो पार्टीसँग सम्झौता गर्नुभयो, हामी सहयोग गर्‍यौं । तर कार्यान्वयन गर्ने बेलामा उहाँले विश्वासघात गर्नुभयो, धोका दिनुभयो र सहमति तथा समझदारीलाई उल्लंघन गर्नुभयो । यो कुनै नयाँ कुरा होइन, पहिला-पहिला कुन चाहिँ कार्यान्वयन भएर आएको छ र । त कसरी विश्वास गर्ने ? प्रधानमन्त्रीज्यूले यो सदन समक्ष विश्वासको मत माग्नुभएको छ, जुन सदनलाई आफैले असंवैधानिक तरिकाले विघटन गर्नुभएको थियो । जनता सडकमा आए, नागरिक समाज सडकमा आए, राजनीतिक दलहरु सडकमा आए, सर्वोच्चले पुनर्स्थापित गर्‍यो । पुनर्स्थापित भइसकेपछि पनि एउटा बैठकमा हामी पनि थियौं, यो सदनको त कामै छैन, यसलाई जति चाँडो हटाइदिउँ भन्नुभएकै संसदमा उहाँ आज विश्वासको मत माग्नुभएको छ । जुन संसदमाथि उहाँको स्वयं विश्वास छैन, त्यो संसदमा उहाँले विश्वासको मत माग्नुभएको छ । कसरी मत दिने ?

अर्को कुरा, नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि हजारौं सपुतले बलिदानी दिएका छन् । संविधानमा स्थापित भएको छ, भलेही यसमा त्रुटिहरु छन्, हाम्रा रिजर्भेसनहरु छन् । सम्माननीय प्रधानमन्त्रीज्यू, यहाँकै क्याबिनेटले निर्णय गर्छ कि संघीय लोकतान्त्रिक गणतन्त्र लेख्न पाइँदैन भनेर । यो संघीयतालाई समाप्त पार्ने खेल होइन ? उहाँले बोल्नुभएको छ, संघीयता भनेको केन्द्रको इकाई मात्रै हो, बढी फूर्ति नदेखाउ भनेर । संघीय प्रणालीमा प्रदेशहरु सहकार्य गर्ने हुन्छ, भागेदारहरु हुन्छन्, उहाँले संघीयताको विकृत रुप प्रस्तुत गर्नुभयो । त्यतिमात्रै गर्नुभएन, प्रदेशहरुले संविधानकै एकल सूचीमा पाएका अधिकारहरुलाई समेत कानून बनाएर प्रदेशबाट खोस्ने काम गर्नुभयो । जस्तै, भूमि, वन सम्बन्धी अधिकारहरु । अहिले पनि सर्वोच्चमा मुद्दाहरु परिरहेका छन् । सबभन्दा न्यून समावेशिता यही तीन वर्षमा भएको छ । उहाँले गरेका नियुक्तिहरु पल्टाएर हेरे हुन्छ । उहाँले समावेशितालाई समाप्त गर्ने रचना गर्नुभयो । यो संविधानलाई नै समाप्त पारेर संघीय गणतन्त्रलाई नै धरापमा पार्ने भयो । के यो संघीय लोकतान्त्रिक गणतन्त्र कसैले दानमा दिएको हो र ? बलिदान, त्यागबाट प्राप्त भएको उपलब्धिलाई धरापमा पार्ने कार्य गर्नका लागि र पछि समाप्त पार्नका लागि विश्वासको मत दिने हो र ?

राष्ट्रिय समस्याहरु हाम्रो मुलुकमा छन् । हाम्रो मुलुकमा मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारु, अल्पसंख्यक समुदायका समस्याहरु छन् । यी समस्याहरु राष्ट्रिय समस्याहरु हुन्, यसलाई समाधान गर्ने प्रयास तीन वर्षमा गरिएन । न राष्ट्रिय समस्याको समाधान गर्नुभयो, न प्रयास गर्नुभयो । संघीयतालाई संस्थागत गर्नुको सट्टा उखालेर फाल्ने र कमजोर पार्ने चेष्टा गर्नुभयो । मुलुकलाई दिएको यही हो ।

यससँगै मधेशको कुरा गरौं । अहिले अलि-अलि मधेशीहरुलाई फकाउने कुराहरु गर्नुभयो । प्रधानमन्त्रीले समतल भूमि देख्ने बित्तिकै मधेश देख्नुहुन्छ, युपी विहारतिर मधेश त हो नि । युपी बिहारै फेरि देखाइरहनुभएको छ कि । नेपालमा मधेश खोज्या हो, मधेश नेपालको अभिन्न अंग हो, युपी बिहार मधेश होइन । मधेश आन्दोलन हुँदा खेरि सबभन्दा बढी तुलनात्मक रुपले मानिसहरु मारिएका छन्, गोली लागेका छन्, जुन बेला यहाँ संविधान निर्माण भइरहेको थियो, उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यतिबेलै सबभन्दा बढी मुद्दा लागेका छन्, त्यतिबेला लगाइएका कतिपय मुद्दाहरुमा जेलनेल भोगिरहेका छन् । त्यो बेला उहाँको अभिव्यक्ति के थियो, दुई चारटा आँप झर्‍यो रे, त्यहीं आँप अहिले मधेशीहरुलाई खुवाउनुहुन्छ ? मेचीदेखि महाकालीसम्म अभूतपूर्व इतिहासमा कहिले नभएको मानव श्रृंखलालाई यहाँ माखे साङ्लो भन्नुभयो, मधेशीको सधैं अपमान गर्नुभयो । आज फकाएर फकिनेवाला छैन मधेश ।

अर्को कुरा, सबभन्दा कम नियुक्तिहरु, रोजगारका अवसरहरु तुलनात्मक रुपले हेर्ने हो भने उहाँकै तीनवर्षे कार्यकालमा मधेशीहरुले पाएका छन् । स्वास्थ्यकै क्षेत्रमा हेर्ने हो भने हालै चर्चामा आएका छन्, करोडौं कमिशनका कारणले भ्याक्सिन आएन । हामीले पहिलो खोप त लगायौं, आठ हप्ताभित्र दोस्रो खोप लगाउनुपर्ने थियो, खोई त ? कमिशन नपाएका कारणले भ्याक्सिनसमेत रोकिएको छ । यतिको खेलवाड ? जनताको जीवनसँग खेलवाड गर्ने सरकारलाई कसरी विश्वास गर्छौं ? कसले विश्वास गर्ने ? के कारणले विश्वास गर्ने ? आज त्यो कुनै आधार छैन ।

अर्को कुरा, संसद चल्दा-चल्दै विधेयक अधिवेशन योभन्दा अगाडि गएको थियो । त्यो विधेयक अधिवेशनमा सरकारको कर्तव्य हो विधेयकहरु प्रस्तुत गर्ने तर एउटा पनि विधेयकमा प्रस्तुतै नगरिकन, छलफल नगराइकन, सभामुखसमेतलाई जानकारी नदिइकन संसद अन्त्य गर्‍यो । अन्त्य गर्ने बित्तिकै अध्यादेश आयो । यसको अर्थ के हो भन्दाखेरि संसदीय लोकतन्त्रको अभ्यास, संसदीय प्रणालीलाई वास्ता नगरेर अध्यादेशको मार्फतबाट शासन गर्ने भनेको स्वेच्छाचारी र निरंकुशताको पराकाष्ठा हो । के त्यसका लागि मतदान गर्ने ?

अरु त कुरा छोडिदिउँ, ट्रान्सपरेन्सी इन्टरनेशलको रिपोर्ट छ, जो यहाँ सबैलाई थाहा भएको हो कि नेपाल यस्तो देश हो जहाँ सरकारले भ्रष्टाचारलाई ढाकछोप गर्छ । यो कुरा अन्तर्राष्ट्रिय जगतमा पनि गएको छ । विकासका कुराहरु गरिरहेका छन् । उहाँहरुकै रिपोर्ट मैले हेरिरहेको थिएँ । आयोजनाहरुको अतोपतो छैन, डिजाइन पनि भइसकेको छैन, बजेट पनि छैन, हतार-हतार शिलान्यास कि शिलान्यासको प्रचार हुन्छ । अनि पूर्वाधार निर्माण नै छैन, हतार-हतार उद्घाटन हुन्छ । अपूरो आयोजनाको उद्घाटन र बजेट बिनाको शिलान्यासलाई विकास भनिँदैन । त्यो विकासको अर्थ रहन्न प्रधानमन्त्रीज्यू ।

अनि नागरिकताका सवाल । नागरिकता ऐन विधेयक पहिल्यै संसदमा प्रस्तुत भएको थियो । आजसम्म सरकारले नागरिकता संशोधन विधेयक किन पास गरेन ? किन संसदमा टेबुल भएन ? किनभने त्यो उहाँले ठान्नु भएको होला त्यो नागरिकताको समस्या मूलतः मधेशीहरुको समस्या हो । त्यसकारणले गरिराख्ने होइन । नागरिकता समस्या भनेको सम्पूर्ण नेपालीहरुको समस्या हो । तराई, पहाड र हिमाल सबै क्षेत्रमा नागरिकताको समस्या रहेको छ । अहिले पनि लाखौंलाख नागरिकहरुका समस्या समाधान गर्नका लागि संविधान संशोधन विधेयक आएको छ तर अहिलेसम्म पनि त्यसलाई कार्यान्वयन गर्नका लागि संसदमा प्रस्तुत गरिएन । अहिलेसम्म किन गरिएन ? मुलुकका बाउ पनि नागरिक, आमा पनि नागरिक, बुवा नेपालमा जन्मिएको भनेर जन्मसिद्ध नागरिकता, आमा पनि नेपालमै जन्मिएको नागरिकता अनि छोराछोरी कसरी गैरनागरिक भए ? यस्तो परिभाषा कहाँ छ दुनियाँमा ? त्यसलाई अन्त्य कहिले गर्ने हो ? यस्ता गम्भीर सवालहरु अझै पनि छँदैछ ।

योभन्दा अगाडि सांसदहरुको अपहरण प्रशासक र केही पूर्वप्रशासक लगाएर भएको थियो । मुद्दा दर्ता गर्न जाँदासमेत गरिएन । पछि आएर त्यसलाई पेन्डिङ्ग गरिदियो । यस्तो किसिमको व्यवस्था कसरी सुशासन हुन्छ ? यो तीन वर्षमा निर्मला पन्तदेखि लिएर कति हो कति सबभन्दा बढी बलात्कार र हत्या, हिंसाका घटनाहरु, दलितका हिंसाहरु, महिला हिंसाहरु र असुरक्षाका सबभन्दा बढी घटनाहरु भएका छन् । राज्यको पहिलो कर्तव्य नै जनताको जीउधनको रक्षा गर्नु हो । तर यो घटनाक्रमले हेर्दा सरकार जनताको सुरक्षा दिनमा असफल सिद्ध भइसकेको छ । आज कुनै ठाउँमा पारदर्शिता छैन । आज विधि र प्रक्रियाका आधारमा शासन प्रणाली चल्नुपर्ने हो तर आजकल नयाँ शब्दहरु धेरै लोकप्रिय भएका छन्, सेटिङ्ग । जहाँ पनि सेटिङ्ग छ, यो सेटिङ्ग शब्द प्रक्रियाबाट चल्ने शासन प्रणाली लोकतान्त्रिक हुँदैन । लोकतन्त्रमा संविधान, विधि र प्रक्रियाबाट सञ्चालन हुने र त्यसभित्र टेकेर अगाडि बढ्ने प्रणाली हो । यो बेला नियमित अधिवेशन हुनुपर्दथ्यो । नियमित अधिवेशन बोलाउनका लागि सरकारले सिफारिस गर्नुपर्दथ्यो र त्यही प्रस्ताव राख्नुपर्दथ्यो । प्रधानमन्त्रीले विशेष अधिवेशन बोलाएको संसदीय प्रणालीमा यस्ता उदाहरणहरु विरलै पाइन्छ । तर त्यो कार्य भएको छ । अब नीति तथा कार्यक्रम पनि अध्यादेशैबाट आउने होला । बजेट पनि अध्यादेशैबाट जाने होला । अनि के-के हो सबै अध्यादेशैबाट चल्ने हो भने संसदीय प्रणाली औचित्यहीन साबित हुन्छ । संसदले आफ्ना अधिकारहरु प्रयोग गर्ने, बहसहरु, निर्णयहरु लिने अवस्थाबाट वञ्चित पारेर जाँदा त्यसले उब्जाउने प्रवृत्ति के हो भने एउटा निरंकुशतातर्फ नै डोर्‍याउने हो मुलुकलाई । लोकतान्त्रिकरणतर्फ डोर्‍याउने होइन । त्यसकारणले आज संघीयता, समावेशिता, राष्ट्रिय पहिचानका मान्यताहरु, धर्मनिरपेक्षता, लोकतन्त्रका सवाल र राष्ट्रिय समस्याको समाधानसँगै आर्थिक विकास र समृद्धिको सवाल आज देशको अगाडि महत्वपूर्ण सवाल हो । पहिला-पहिला अलि आशा पनि लाग्ने गर्दथ्यो, प्रधानमन्त्रीजीले भन्ने गर्नुहुन्थ्यो, समृद्ध नेपाल सुखी नेपाली । तर आज हेर्दा दरिद्र नेपाल दुःखी नेपाली भएका छन् । भनेपछि कथनि र करणीमा फरक भएको छ ।

यस्तो परिस्थितिमा विश्वासको मत कसरी दिने ? एउटा गम्भीर चिन्ताको विषय भएको छ । मुद्दाकै सवाल छन् । उहाँकै पालमा सबैभन्दा बढी मुद्दा लगाइएको छ, मधेश आन्दोलनका बेला । ती राजनीतिक मुद्दाहरुको समाधान अपराधिक आरोपबाट हुँदैन । राजनीतिक आन्दोलनमा उठेका समस्याहरुको समाधान राजनीतिक हुनुपर्दछ र सबै मुद्दा खारेज र सबै बन्दी रिहाइ गरेर ती मुद्दा र समस्याहरु समाधान गर्नका लागि अगाडि बढौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूले यही संविधान संशोधनको कुरा गर्नुभएको छ । दुई पटक संविधान संशोधनको प्रस्ताव प्रस्तुत भयो र उहाँको दलले नै त्यसलाई विरोध गर्दा मत नदिएको कारणले पारित सकेको थिएन । त्यो अझै पनि हाम्रो दिमागमा ताजा नै छ । उहाँहरुकै सरकारमा हुँदा पनि संविधान त्रुटिपूर्ण छ, यसलाई संशोधन गरौं, सुधारौं, यसलाई परिमार्जन गर्नका लागि एउटा संवैधानिक आयोग बनाऔं । सुझाव लिएर अगाडि बढौं भन्दाखेरि उहाँले यो संविधान संशोधनको कुरा गरेर मादल बजाउन थाल्छन् । आजकल त प्रधानमन्त्रीज्यू आफै मादल बजाउनु भएको छ । के आइपर्‍यो त्यस्तो, कसलाई सुनाउनु पर्‍यो त्यस्तो ? त्यसकारणले यस्ता विश्वासै नलाग्ने कुराहरु अगाडि आएका छन् । विधि प्रक्रियाबाट नगइकन अध्यादेशबाट शासन चलाउने तरिकालाई त्यागौं । संसदीय परम्परा, मूल्य र मान्यतालाई आत्मसात गरौं, अगाडि बढ्न सिकौं र बढ्ने प्रयास गरौं । जुन प्रधानमन्त्रीज्यूबाट हुन सकेको छैन । त्यसकारणले प्रधानमन्त्रीज्यूले राख्नुभएको विश्वास मतलाई हामीले सम्मान गर्न सक्दैनौं, मत दिँदैनौं । हाम्रा पार्टीका साथीहरुले यो विश्वास मतको विरुद्धमा मतदान गर्ने र विकल्प खोज्ने बाटोतर्फ अगाडि बढिसकेको कुरा अवगत गराउन चाहन्छु ।

धन्यवाद ।

*(प्रतिनिधिसभाको वैशाख २७ गते बसेको बैठकमा जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले दिएको सम्बोधनको महत्वपूर्ण अंश)*

# प्रधानमन्त्रीजी आफैले उत्पन्न गरेको समस्याका कारण विश्वासको मत माग्नु पर्ने अवस्थामा पुगनुभो




माननिय सभामुखज्यू,
कोभिड-१९ को महामारीका कारण धेरै नेपाली दिदीबहिनी, दाजुभाइहरुले ज्यान गुमाउनु परेको छ। म यस दुःखद घडीमा दिवंगत आत्माहरुको चीर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु। विभिन्न अस्पतालहरुमा उपचारत रहेका र घरमा आईसोलेसनमा बसेका सबैको शीघ्र स्वास्थलाभको कामना गर्दछ।

आज प्रतिनिधि सभाको यो बैठक बसिरहेको बेला देश अत्यन्त अप्ठ्यारो अवस्थामा छ। नेपाली जनताले दशकौं देखि गरेको ठूलो त्याग, तपस्या र अतुलनिय बलिदान पश्चात हामीले देशमा संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्त गरेका छौं। संविधानले बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको व्यवस्था गरेको छ। संविधानले समानुपातिक समावेशीताको सिद्धान्तलाई अगिकार गरी राज्यलाई समावेशी चरित्रको बनाएको छ। यस्तो राजनीतिक प्रबन्ध सहितको यो संविधान नेपाली जनताको धेरै पुस्ताको रगत र पसिनावाट सिचित गरि हुर्काएको बिरुवा हो। म आजका दिनमा लोकतन्त्रकालागि जीवन आहुती दिएका प्रातः स्मरणीय शहिदहरुलाई सम्मानपूर्वक स्मरण गरिरहेको छु। लामो जेल यातना, प्रवासको कष्ट वा अन्य शारिरिक, मानसिक आर्थिक कष्ट व्योहोरेको आफु भन्दा पहिलेको र आफ्नु पुस्तालाई पनि सम्भीरहेको छ र नयाँ पुस्ता जसले संविधान बनाउन र लोकतान्त्रिक व्यवस्था स्थापनाकालागि महत्वपूर्ण संघर्ष गरेको छ त्यो पनि मेरो मानसपटलमा ताजा छ। आज मेरो मनमा प्रश्न पनि उठीरहेको छ। के हामीले बलिदानवाट स्थापित गरेको लोकतान्त्रिक व्यवस्था र संविधान बमोजिम मुलुक चलेको छ ? के हाम्रा राजनीतिक गतिविधिहरु लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित, उच्च नैतिक र चारित्रिक धरातलमा उभिएका, देश र नेपाली जनताको हितका लागि केन्द्रीत छन ? के आज सरकार संचालनको जिम्मा लिएकाहरुबाट संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान सुरक्षित छ ? वर्तमानमा उठेका यी प्रश्नवाट हामी भाग्न सक्दैनौ। ईतिहासले पनि भोलि यी प्रश्नको जवाफ खोजीरहने छ।

संविधान निर्माण भई सकेपछिको पहिलो संसदीय निर्वाचनमा तत्कालिन ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी) को गठबन्धनले भ्रुण्डै दुई तिहाई मत प्राप्त गरेर यो सरकारको गठन भएको हो। आज तीन वर्षमा नै प्रधानमन्त्रीले प्रतिनिधि सभामा विश्वासको मत लिनका लागि आउन परेको छ। यसका लागि को जिम्मेवार छ? यो परिस्थितिको लागि स्वयं प्रधानमन्त्री जिम्मेवार छन। हाम्रो संविधानले प्रधानमन्त्रीलाई कार्यकारी प्रमुखको हैसियतले सम्पूर्ण अधिकार दिएको छ। देश र जनताका हितमा काम गर्न उहाँलाई कसले कहिले कहाँ रोक्यो ? हामीले प्रतिपक्षका रुपमा हमेशा रचनात्मक र सहयोगी भूमिका निर्वाह गयौ। आफु कार्यकारी प्रमुख प्रधानमन्त्री हुने अनि अरुका माथि दोष र गुनासा थुपारेर जिम्मेवारीबाट भाग्न पाउनु हुन्न। यो सरकार गठनपछि विगत तीन वर्षको मूल्यांकन गर्दा माननीय के पी शर्मा ओलीजीको सरकार पूर्ण रुपले असफल भएको छ। म मा प्रधानमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु। मानिस दुनियाबाट भाग्न सक्छ आफैबाट भाग्न सक्दैन। एक पटक छातीमा हात राखेर भन्नुस, आफैले आफैलाई सोध्नुस यो अवस्था तपाईले सृजना गर्नु भएको अंकगणितीय दम्भ, राजनीतिक अव्यवस्था, कुशासन र भ्रष्टाचार कारण होईन ?

माननिय सभामुखज्यू

हामी अहिले यो सदनमा छलफल गरिरहेको अवस्थामा बाहिर नेपाली दिदीबहिनी, दाजुभाइहरु कोभिड-१९ को महामारीमा परि घरमा, बाटोमा, एम्बुलेन्समा र अस्पतालमा अक्सीजन नपाएर छटपटाएर मरी रहेको दयनिय अवस्था छ। अस्पतालहरुमा बेड, आइसीयू र भेन्टीलेटर नपाएर नागरिकले ज्यान गुमाउनु परेको छ। कोरोनाको महामारी प्रारम्भ भएको एक वर्ष भन्दा बढी समय भई सक्यो। सरकारले नियन्त्रण र रोकथामको कुनै व्यवस्था गरेन। हाम्रो पार्टीले कोभिड-१९ को प्रकोप प्रारम्भ हुँदा नै सरकारलाई सहयोग गर्ने प्रतिवद्धताका साथ समयमा नै नियन्त्रण र रोकथामका उपाय अपनाउन पटक-पटक ध्यानार्कषण गराउँदा पनि सरकार सचेत एवं गम्भीर भएन। विज्ञहरुले कोभिड-१९ को पटक-पटक लहर आउन सक्ने, जुनसुकै बेला जोखिम बढ्न सक्ने भनि दिएको चेतावनीलाई सरकारले सुनेन। समयमा कोभिड-१९ विरुद्धको खोपको व्यवस्था गरेन। फलस्वरुप अहिले नेपाल विश्वमा नै कोभिड-१९ को उच्च जोखिममा रहेका देशहरुमा गणना भएको छ। यस्तो अवस्था आउनमा यो सरकार पूर्णरुपमा जिम्मेवार छ। बेलैमा सरकारले गर्नु पर्ने काम नगरेको र सावधानी नअपनाएका कारण भयावह अवस्था सृजना भएको छ। दुई हप्ता अगाडि संक्रमितको संख्या निकै बढ्न थालेको अवस्थामा प्रधानमन्त्रीजी ठूलो तामझामकासाथ तयार हुन बाँकी नै रहेको धरहरा उद्घाटन गर्न जानु भयो। यो गैर जिम्मेवारीपनको नमुना हो। अहिले सम्म थोरै मानिसलाई मात्र खोप दिन सकिएको छ। कमीसनको कारण खोप आउन नसकेको कुरा सार्वजनिक भईसकेको छ। जनताको जीवन रक्षा गर्ने औषधीमा पनि भ्रष्टाचार गर्नु अमानवियता, अनैतिकता र गैरजिम्मेवारीको पराकाष्ठा र जनता विरुद्धको अक्षम्य अपराध हो। जनताको जीवन रक्षा गर्नु पर्ने सरकार स्वय जिवनदायीनी औषधी (खोप) भ्रष्टाचारमा संलग्न हुनुले यो सरकारको अनैतिक चरित्र उदाङ्गो भएको छ। एक वर्ष पहिले कोभिड-१९ को पहिलो लहर शुरु हुँदा सरकारले आयात गरेका स्वास्थ सामग्री पीपीई, कोभिड-१९ परिक्षणका सामग्री, मास्क, सेनेटाईजर र अत्यावश्यक औषधीमा भ्रष्टाचार भयो अहिले खोपमा भ्रष्टाचार भएको छ। यो भन्दा निर्लज्जता के हुन सक्दछ। व्यापारिक घरानाहरुलाई पोस्नका लागि तपाईले नेपाली जनताको जीवन दाउमा लगाउनु भएको तथ्यलाई ईतिहासले बिर्सीन्छ ? म यस सम्मानित सदन मार्फत माननीय प्रधानमन्त्रीलाई स्मरण गराउन चाहन्छु। औषधी मूलो नपाएर कुनै पनि नेपालीले ज्यान गुमाउनु पर्ने छैन भनि तपाईले भन्नु भएको होईन ? के आज ज्यान गुमाईरहेका नेपाली होईनन ? कहाँ गयो तपाईको प्रतिबद्धता ? आफ्ना जनताका लागि अक्सीजनको व्यवस्थासम्म गर्न नसक्ने, अक्सीजन, बेड, आईसीयू भेन्टीलेटर र अस्पतालको अभावमा जनता मरी रहदा टुलुटुलु हेरि बस्ने निरिह प्रधानमन्त्रीले भाषणमा आत्मरति र आत्म प्रसंशा गर्नु विडम्बनापूर्ण अवस्था हो।

माननिय सभामुख महोदय

यो सरकार गठन भएका दिन देखि सघीय, लोकतान्त्रिक गणतन्त्रको संविधान जोखिममा परेको छ। सरकार गठनसंगै संविधान भत्काउने काम शुरु भयो। प्रतिनिधि सभा सदस्यको सपथ ग्रहण नगरिकन कुनैपनि माननीय सदस्यले यो सभा र समितिको समेत काम कारवाहिमा भाग लिन नपाउने व्यवस्था संविधानले गरेको छ तर माननीय प्रधानमन्त्रीजी प्रतिनिधि सभाको सदस्यको सपथ नलिई प्रधानमन्त्री नियुक्त हुनु भयो। प्रतिनिधि सभाको सभामुख र उप सभामुख फरक-फरक दलको प्रतिनिधि हुनु पर्ने संविधानको भावनालाई अपव्याख्या गरि दल एकीकरण पछि पनि एकै दलका प्रतिनिधि कायम राख्नु भयो। संविधानको यो वाध्यात्मक व्यवस्थालाई लत्याउने वदनियत राखी हाल सम्म पनि प्रतिनिधि सभालाई उपसभामुख बिहिन राख्ने काम भएको छ। प्रदेश सभामा पनि सभामुख र उपसभामुख फरक दलबाट हुनु पर्ने संवैधानिक व्यवस्थालाई ठाडै ईन्कार गर्ने काम भएको थियो। उहाँले असंवैधानिक र अलोकतान्त्रिक तवरले प्रतिनिधि सभाको विघटन गर्न भयो। प्रतिनिधि सभा विघटनलाई हामीले तत्काल नै असवैधानिक, अलोकतान्त्रिक, अधिनायकवादी र सर्वसत्तावादी कदम ठहर गयौं। देशमा क्रियाशिल अधिकांश दलहरुको धारणा समान रह्यो। सर्वोच्च अदालतले प्रतिनिधि सभाको विघटन संविधान प्रतिकूल भएको हुदा पुनर्स्थापन हुने ठहर गर्यो। प्रतिनिधि सभा पुनर्स्थापना हुने सर्वोच्च अदालतको फैसलापछि नैतिकताको आधारमा राजीनामा गर्नु पर्नेमा प्रधानमन्त्रीले त्यो पनि आवश्यक देख्नु भएन। विगत तीन वर्षमा संविधानको भावनालाई निस्तेज गर्ने, संसदीय मूल्य, मान्यतालाई समाप्त गर्ने लोकतान्त्रिक विधि र पद्धतिलाई कुण्ठित पार्ने प्रसस्त कामहरु भएका छन। अधिकारको विकेन्द्रीकरण संघीयताको मूल मर्म हो तर प्रधानमन्त्रीजी प्रारम्भ देखिनै अधिकारको केन्द्रीकरणमा लाग्नु भयो। राज्यका महत्वपूर्ण निकाय वा सरकारका विभागहरु आफु मातहत राख्ने अभिरुचि जाग्यो। हुकुमी शैलीमा शासन चलाउने कार्य भयो। संविधानको भावना विपरित संविधानका मूल संरचनालाई नै भत्काउने, संसदीय मूल्य र मान्यता, विधि र पद्धतिलाई कमजोर गर्ने गरि संघीय संसदलाई छलेर अध्यादेशबाट शासन गर्ने चरित्र देखा पर्यो। संवैधानिक परिषद् सम्बन्धि संविधानको विषेश व्यवस्थालाई खण्डित गर्दै संसदको वास्ता नगरि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धि ऐनलाई अध्यादेश मार्फत पटक-पटक संशोधन गरि संवैधानिक परिषद्को मर्यादा, गरिमा समाप्त गर्ने कार्यक्षेत्र संकुचित गर्ने, संवैधानिक परिषद्बाट आफु अनुकुल नियुक्ति गर्ने प्रपञ्च गरियो। यस्ता धेरै अध्यादेश जारी भए। जसको हामीले प्रतिवाद गरेका छौ। बहुदलीय व्यवस्थामा दलहरुलाई विभाजन गरी कमजोर पार्ने प्रयत्न भए। सासद अपहरण गर्ने जस्ता घटना सुनिए। संसदको अधिवेशन आह्वान र अन्त्य गर्ने सम्बन्धमा संविधानले विशिष्ट व्यवस्था गरेको छ। यसका राष्ट्रिय, अन्तर्राष्ट्रिय परम्परा पनि छन जुन संसदीय व्यवस्थामा अनुकरणीय हुन्छन्। सरकारबाट माननीय सभामुखलाई जानकारी समेत नहुने गरी संसद अधिवेशनको अन्त्य गर्ने काम भयो। यसले वर्तमान सरकार संविधान र संसदीय मान्यताप्रति प्रतिवद्ध नभएको प्रष्ट छ। संविधान बमोजिम अत्यन्त मर्यादित, गरिमामय र निष्पक्ष रहनु पर्ने, संविधानको मर्म र भावना अनुरुप कार्य सम्पादन गर्नु पर्ने महत्वपूर्ण पद र संस्थालाई दुरुपयोग गर्ने तीनको महत्व र गरिमा कम गरि वर्तमान राजनीतिक व्यवस्थालाई नै कमजोर गर्ने गतिविधि भए।

यी घटनाहरुले मा प्रधानमन्त्रीजीमा संविधान म नै हूँ बरु संविधान भन्दा माथि हूँ भन्ने दम्भ विकसित भएको प्रमाणित हुन्छ।

माननीय सभामुख महोदय,

बितेका तीन वर्षमा देशमा भ्रष्टाचार मौलाएर गयो। भ्रष्टाचारका ठूला-ठूला काण्ड भए। सरकारका बहुमूल्य जग्गा र सम्पत्ति बिना मूल्य व्यापारिक घरानाहरुसंगको मिलोमतोमा लिजका नाममा दिईए। मन्त्री स्वयं कमीसनको खेलमा लागेका घटना सार्वजनिक भए। कोभिड-१९ को रोकथाम र नियन्त्रणसंग सम्बन्धित सामग्री, औषधी र खोप खरिदको अनियमिता सतहमा आयो। राष्ट्रिय गौरवका महत्वपूर्ण योजनाहरु आर्थिक अनियमितता र भ्रष्टाचारका कारण अलपत्र परेका छन। यी कुनैपनि विषयमा विश्वसनिय छानबिन र कारवाही नभएको तथ्यलाई हेर्दा प्रधानमन्त्रीको भ्रष्टाचार नियन्त्रणमा रुची भएको देखिएन। बरु प्रधानमन्त्रीले नै अनियमितताको बचाउ गरेको देखियो। सरकारले सुशासनको प्रत्याभूति गर्न सकेन।

माननीय सभामुख महोदय

सविधानको कार्यान्वयनको सन्दर्भमा पनि सरकार असफल भयो। संघीयतालाई सुदृढ गर्न तत्काल बनाउनु पर्ने आवश्यक कानून हालसम्म पनि बनेका छैनन। फलस्वरुप प्रदेश सभा, प्रदेश सरकार र स्थानीय तहले सविधान बमोजिम आफ्ना अधिकारको प्रयोग गर्न सकेका छैनन। यस बिचमा बनेका कतिपय कानून र संघीय संसदमा विचाराधिन विधेयक संघीय, लोकतान्त्रिक भावनाका विपरित छन। मौलिक हकको सहि कार्यान्वयनका लागि गर्नु पर्ने कानूनी व्यवस्था पनि फितलो रह्यो। नागरिकका मौलिक हक र स्वतन्त्रता कुण्ठित गर्ने गरि विधेयक प्रस्ताव गरिए। सूचनाको हक, प्रेसको स्वतन्त्रतालाई कमजोर गर्ने प्रयास भए। नागरिकको सांस्कृतिक हक समाप्त गर्ने प्रयत्न भयो। शान्ति प्रकयाका बाकी काम अलपत्र परेका छन। नेपाली काँग्रेसको दवाव र सक्रियतामा आयोग गठन भएपनि कानूनको अभाव र सरकारबाट हुनु पर्ने अन्य आवश्यक सहयोग र समन्वय हुन नसकेका कारण आयोगका काम अगाडि बढेका छैनन। आम जनताले सरकार हुनुको अनुभूति सम्म गरेका छैनन। म प्रधानमन्त्रीजीलाई सोध्न चाहन्छु तपाईले चुनावका बेला गरेका बाचा र पछि पटक पटकका भाषण सम्भना छ ? रेल यात्राका तथाकथित कथा, पानी जहाजको सफर, घर घरमा ग्यासका पाईप, कोहि भोको बस्नु पर्दैन, कोहि भोकले मर्दैन, सडक बालक हुने छैनन, भीक माग्ने मानिस भेटिने छैन, कसैले रोजगारीका लागि विदेश जानु पर्दैन भन्ने उक्तिहरु, कहाँ गए यी सबै कुरा ? देशमा विकास निर्माणको अवस्था दयनिय छ। प्रधानमन्त्रीजीलाई मैले पूँजीगत खर्चको कमजोर अवस्था बारे बताउनु पर्दैन होला।

सभामुख महोदय,

यो सरकारको गठनपछि देशमा शान्ति सुरक्षाको अवस्था खस्कीदै गयो। महिला बालबालिकाको बलात्कारका घटना बढ्दै गए। अन्य आपराधिक घटनामा पनि वृद्धि भयो। सरकार अपराधीलाई कानूनी दायरामा ल्याउन नितान्त असफल रह्यो। फलस्वरुप अपराधीको मनोबल बढ्दै थप अपराध हुन थाले। अबोध बालिका निर्मला पन्तको बलात्कार र हत्याका अपराधी पक्राउ परेनन। यो त एक प्रतिनिधिमूलक घटना हो। देश भरि यस्ता धेरै घटना भएका छन। महिला, बालबालिका सबै भन्दा बढी असुरक्षित भए। देशमा दण्डहिनताको अवस्था विद्यमान छ। देशको नागरिक प्रशासन, सुरक्षा निकाय, संवैधानिक निकायहरुमा सर्वत्र राजनीतिक दवाव र त्रास सृजना गरियो। सरकारले अधिनायकवाद र सर्वसत्तावादको अभ्यास गरि रह्यो।

आम जनताको जीवन यापन कष्टकर भएको छ। खाद्य पदार्थमा मिसावट, कालो बजारी, कतिम अभाव, खाद्य सामग्री र अन्य दैनिक उपभोग्य बस्तुको मूल्य वृद्धिका कारण जनता कष्टमा छन। अहिले देशमा आत्महत्याका घटना धेरै भईरहेका छन। आम मानिस अभाव, चिन्ता र निराशामा छन। यस्तो बेलामा सरकार जनताको अभिभावक बन्न सकेको छैन।

सभामुख महोदय,

अन्तर्राष्ट्रिय स्तरमा देशको सम्मान र स्वाभिमान कमजोर भएको छ। मित्र राष्ट्रहरुसगं सन्तुलित सम्बन्ध कायम हुन सकेको छैन। कोभिड-१९ को भयावह अवस्थामा अन्तर्राष्ट्रिय संघ, संस्था र मित्र राष्ट्रहरुवाट कोभिड-१९ को रोकथाम र नियन्त्रण गर्न र नेपाली नागरिकलाई कोभिडबाट बचाउन आवश्यक सामग्री, औषधी, खोप लागायत प्राप्त हुन सक्ने सहयोग पनि सरकारले लिन सकेको छैन। यसरी सहयोग लिनु पर्ने बेलामा प्रधानमन्त्रीजीले संचार माध्यमबाट नेपालमा कोरोना नियन्त्रण भईसकेको अभिव्यक्ति दिएर अन्तर्राष्ट्रिय समुदायलाई समेत गुमराह गर्नु भयो। नेपाली जनताका कारण नेपालमा कोभिड-१९ बढेको भनि माननीय प्रधानमन्त्रीले आफ्नो कमजोरीलाई ढाकछोप गर्ने काम गर्नु भयो। राष्ट्रको कुटनीतिक क्षमता निकै कमजोर भएको छ। मित्र राष्ट्रहरुसँग विगतमा भएका सहमति समभ्रौताको कार्यान्वयन नभएका कारण देशको विश्वसनियतामा ह्रास आएको छ।

अन्त्यमा, नेपाली जनताले गत निर्वाचनमा स्पष्ट बहुमत दिएको सरकार र सरकारका प्रमुख प्रधानमन्त्री माननीय के पी. शर्मा ओलीजीले जनता सामु गरेका बाचा विर्सीएको, देश र जनताको हितमा काम गर्न नसकेको, अधिनायक र सर्वसत्तावादी चरित्रको प्रदर्शन गरेको, सुशासनको प्रत्याभूति दिन नसकेको, देशको स्वाभिमान मर्यादा र गरिमा बढाउन नसकेको, कोभिड-१९ को रोगथाम र नियन्त्रणमा सर्वदा असफल भएको, शान्ति सुरक्षा कायम गर्न नसकेको र संविधान बिधि र पद्धतिलाई नै समाप्त गरि संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई नै आँच पुग्ने कार्य गरेको हुँदा अहिले मुलुकमा जटिल अवस्था सृजना भएको छ। प्रधानमन्त्रीजी आफैले उत्पन्न गरेको समस्याका कारण विश्वासको मत माग्नु पर्ने अवस्थामा पुग्नु भएको छ।

नेपाली काग्रेस माननीय प्रधानमन्त्रीले राख्नु भएको विश्वासको मतको प्रस्तावको विपक्षमा मतदान गर्ने जानकारी गराउँदछ। साथै प्रतिनिधि सभामा उपस्थित सबै राजनीतिक दल र माननीय सदस्यज्यूहरुलाई प्रमुख प्रतिपक्षी दलका नेताका हैसियतले प्रधानमन्त्रीले राख्नु भएको विश्वासको मतको प्रस्तावको विपक्षमा मतदान गर्न आव्हान गर्दछु।

आज माननिय प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको संविधानको धारा १०० को उपधारा। १) बमोजिम विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष राखेको प्रस्ताव पारित नहुने भएको हुँदा नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम अर्को सरकार गठनका लागि प्रक्रिया अगाडि बढाउन समेत आव्हान गर्दछ।

जय नेपाल।

*(प्रधानमन्त्री के. पी. शर्मा ओलीले विश्वासको मतका लागि राख्नु भएको प्रस्तावमा नेपाली कांग्रेसका सभापति एवं संसदमा प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाद्वारा २०७८ वैशाख २७ गते प्रतिनिधि सभामा प्रस्तुत मन्तव्यको पूर्णपाठ)*

## मधेश अपडेट

### पर्सागढीमा १५ बेडको कोभिड अस्पताल

वीरगञ्ज। पर्साको पर्सागढी नगरपालिकाले पनि १५ बेडको अस्थायी कोभिड अस्पताल सञ्चालन गर्ने जनाएको छ। कोरोना संक्रमितहरुको उपचारको लागि नगरपालिकाको वडा नम्बर ५ स्थित पचरुखी स्वास्थ्य चौकीमा अति आवश्यक पूर्वाधारसहितको १५ बेडको अस्थायी कोभिड अस्पताल सञ्चालन गरिने नगरपालिकाका मेयर लोकनारायण यादवले जानकारी दिए। नगरपालिकाको कार्यपालिका बैठकले कोरोना भाइरसको दोस्रो भेरियन्ट रोकथाम, नियन्त्रण तथा न्युनिकरणको लागि कोभिड अस्पताल सञ्चालन गर्ने निर्णय गरिएको उनले बताए। साथै नगरपालिकाभित्र बसोबास गर्ने स्थानीयको लागि कोभिड १९ उपचारको क्रममा एम्बुलेन्स चाहिए निःशुल्क रुपमा उपलब्ध गराइने मेयर यादवले जानकारी दिए। त्यसका लागि एम्बुलेन्स चालक उमेश प्रसाद साहको संयोजकत्वमा ३ सदस्यीय एम्बुलेन्स चालक समिति पनि गठन गरिएको उनले बताए।

### महाराजगन्जमा २५ बेडको आइसोलेशन सेन्टर

मणि प्रसाद गैह्रे, कपिलवस्तु। महाराजगन्ज नगरपालिकाले २५ बेडको अक्सिजनसहितको आइसोलेशन सेन्टर तयार गरेको छ। नगरपालिकाको वडा न ७ कुशाहवामा रहेको स्वास्थ्य चौकीमा १५ बेडको र वडा नं १० को हरदौना स्वास्थ चौकी भवनमा १० बेडको आइसोलेशन तयार गरिएको महाराजगन्ज नगरपालिकाका नगर प्रमुख अब्दुल कलामले जानकारी दिए। कोरोना संक्मितलाई तत्काल उपचार गर्न आइसुलेसन तयार पारिएको कलामले जानकारी दिए। साथै नगरपालिका भित्र रहेका एम्बुलेन्स तयारी अवस्थामा रहेको नगर प्रमुख कलामले बताए। प्रमुख जिल्ला अधिकारी चक्रपाणी पान्डे नगर प्रमुख अब्दुल कलामले अक्सिजनसहित टोलीले अक्सिजनसहित आइशोलेशन सेन्टर अनुगमन गर्दै उद्घाटन गर्नु भएको प्रमुख प्रशासकिय अधिकृत वेद प्रसाद खरेलले जानकारी दिए। आइसुलेसन सेन्टरमा नगरमा उपलब्ध सवथ्यकर्मीलाई २४ सै घण्टा सेवामा खटाइएको स्वास्थ्य संयोजक राधेश्याम कलवारले जानकारी दिएका छन्।

### कांग्रेसको कार्यालय आइसोलेसनलाई

रुपन्देही। नेपाली कांग्रेस रुपन्देहीले अस्पतालमा बिरामीको लागि बेड अभाव भइरहेका बेला भैरहवामा रहेको पार्टी कार्यालय अस्थायी कोभिड अस्पताल वा आइसोलेसन निर्माणको लागि दिने भएको छ। कांग्रेस रुपन्देहीको भैरहवास्थित भीम अस्पतालको पछाडि २ वटा हल, ११ कोठाको दुई तले कम्पाउन्ड सहितको भवन रहेको छ। कोभिड महामारीको दोस्रो चरण समुदायस्तरमा फैलिइरहेको र मानिसले बेड, अक्सिजन नपाएरै ज्यान गुमाउने स्थिति आएकाले उक्त भवन आइसोलेसन निर्माणको लागि दिने व्यवस्था मिलाइएको कांग्रेस रुपन्देहीका सभापति अब्दुल रज्जाकले बताए। सरोकारवाला निकायलाई महामारी नियन्त्रण र जनताको जीवनरक्षाको लागि गम्भीर बन्न आग्रह गर्दै उनले अन्य सहयोगका लागि समेत आफूहरु तयार रहेको बताए।

### कोहलपुर अस्पतालमा लिक्विड अक्सिजन

बाँके। नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा कोरोना संक्रमित बिरामीको उपचारका लागि प्रयोग हुने लिक्विड अक्सिजन आइपुगेको छ। नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरको लागि १४ टन लिक्विड अक्सिजन बोकेको ट्याङकर अस्पताल परिसरमा आइपुगेको हो। वीरगन्ज नाका हुँदै आएको उक्त अक्सिजन लिक्विड अस्पताल परिसरमा रहेको अक्सिजन ट्याङ्कमा भण्डारण गर्ने काम भइरहेको शिक्षण अस्पताल कोहलपुरका प्रशाशन प्रमुख सँजय पन्तले जानकारी दिए। लिक्विड अक्सिजन भारतको झारखण्डबाट नेपाल ल्याइएको हो। शिक्षण अस्पतालले लिक्विड अक्सिजन अभावमा केही दिन अघिदेखि कोरोना बिरामीको उपचार गर्न नसक्ने भन्दै अस्पतालमा कोभिडका बिरामीको भर्ना लिन बन्द गरेको थियो। लिक्विड अक्सिजन आइपुगेपछि बिरामीको उपचारमा केही सहज हुने भएको छ।

### रौतहटमा निषेधाज्ञा जारी

रौतहट। रौतहटको स्थानीय प्रशासनले शनिबारबाट जिल्लाभरी निषेधाज्ञा जारी गरेको छ। प्रशासनले होटल, रेस्टुरेन्ट, फेन्सी र कपडाका पसलहरु बन्द गराएको छ। जिल्लामा सञ्चालित हाटबजारहरु यसअघि नै बन्द गराइसकेको छ। जिल्लाका अधिकांश बजार, होटल, रेस्टुरेन्टहरुमा भीडभाड बढी हुन थालेपछि प्रशासनले वैशाख ३१ गतेसम्मका लागि निषेधाज्ञा लगाएको हो। कार, जिप, मोटरसाइकललगायतका निजी सवारीहरु बन्द गराइए पनि निषेधाज्ञामा मानिसलाई पैदल हिंड्न भने छुट दिइएको छ। सुरक्षाकर्मीहरु चोकचोकमा बसेर पास बिनाको सवारी रोक्ने र २ घण्टासम्म होल्डमा राख्ने गरेको छ। निषेधाज्ञाका कारण सडक सुनसान छ। प्रशासनले खाद्यान्न लगायतका पसलहरु खोल्न अनुमति दिए पनि व्यापारीले खोलेका छैनन्। प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जिल्लामा संक्रमितको संख्या बढ्न थालेपछि नियन्त्रण गर्न निषेधाज्ञा जारी गरेको बताए। प्रशासनले भीडभाड हुने क्षेत्रहरु सिनेमा हल, जिमखाना, सभा सम्मेलन, हाट बजार, खेलकुद, धार्मिक क्रियाकलापहरु पनि वैशाख मसान्तसम्म बन्द गर्न निर्देशन दिएको छ। साथै एकै पटक १५ जनाभन्दा बढी नबस्न, विभिन्न सामग्रीहरु अनावश्यक नछुने, सामाजिक दुरी कायम गर्ने, अनिवार्य मास्क प्रयोग गर्ने, सेनिटाइजर प्रयोगको व्यवस्थापन गरी खाद्यान्न लगायतका पसलहरु सञ्चालन गर्न दिर्नेशन दिइएको छ। कोरोना संक्रमणका कारण जिल्लामा दुई साताको अवधिमा १३ जनाको मृत्यु भएको छ। अहिलेसम्म जिल्लामा कोरोना संक्रमितको संख्या २ सय ५३ पुगेको छ।

### बाँकेमा थप १२ को मृत्यु

नेपालगन्ज। बाँकेमा कोरोनाबाट थप १२ जनाको मृत्यु भएको छ। भेरी अस्पताल नेपालगन्जमा उपचाररत बर्दियाको गुलरिया नगरपालिका वडा नम्बर ९ की ४७ बर्षीया महिला, बनगाड कुपिण्डे ६ सल्यानका ५० बर्षीय पुरुष, नेपालगन्ज १६ बाँकेकी ४९ बर्षीया महिला, नेपालगन्ज ५ बाँकेका ४४ बर्षीय पुरुष, मधु वन ६ बर्दियाका ५५ वर्षीय पुरुष र बढैया ताल बर्दियाका ६५ बर्षीय पुरुषको मृत्यु भएको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका फोकल पर्सन तेज वलीले बताए। त्यस्तै नेपालगन्ज मेडिकल कलेजमा उपचाररत घोडाघोडी नगरपालिका १ कैलालीका ६० बर्षीय पुरुष, कोहलपुर २ बाँकेकी ३० बर्षीया महिला र कोहलपुर १० बाँकेकी ४५ बर्षीया महिलाको मृत्यु भएको छ। यसै गरी नेपालगन्ज मेडिकल कलेजमै उपचाररत कोहलपुर ११ का ४१ बर्षीय पुरुष र कोहलपुर १४ कै ६४ बर्षीया महिलाको मृत्यु भएको छ भने दाङको तुलसीपुरका ६६ बर्षीय पुरुषको भेरी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको वलीले जानकारी दिएका छन्।

### अक्सिमिटरको कालोबजारी गर्ने पक्राउ

धनुषा। पल्स अक्सिमिटरको कालोबजारी गरेको अभियोगमा जनकपुर उपमहानगरपालिका-९ डेरा गरी बस्ने सिरहा शुखिपुर नगरपालिका-२ घर भएका बिनिता सर्जिकल स्टोरका संचालक ३० वर्षीय भुपनरायण साहलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। सोही उपमहानरगपालिका-९ बाह्र बिघास्थित उक्त स्टोरबाट १ हजार ७ सय रुपैयाँ पर्ने पल्स अक्सिमिटर २ हजार ५ सय देखि ३ हजार रुपैयाँ सम्ममा बिक्री गरी कालोबजारी गरेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न साहलाई पक्राउ गरेको हो। साथै उक्त स्टोरबाट २८ थान पल्स अक्सिमिटर समेत प्रहरीले बरामद गरेको छ।

### चट्याङ लागेर मृत्यु

मोरङ। रंगेली नगरपालिका-१ हाटखोला बस्ने ३० वर्षीय प्रबिन माझीको आइतबार बिहान चट्याङ लागेर मृत्यु भएको छ। बारीमा काम गरिरहेको अवस्थामा चट्याङ लागेर गम्भीर घाइते भएका उनको रंगेली अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

# कथित मसिहा नै हुन् उपेन्द्र यादव

**उपेन्द्र यही सरकारमा हुँदा कुनै प्रयास गर्नुभएन। कसरी कमाउँ, कसरी आफ्ना परिवारसहित देशविदेश भ्रमण गरौं त्योबाहेक कुनै पनि काम मधेश र मधेशीका लागि भएन। पद पाएपछि मधेश र मधेशीको कुरासँग के मतलब ? पदबाट हट्ने बित्तिकै मधेश र मधेशीको समस्या बोल्ने, पदमा रहून्जेल मधेश र मधेशी को छ थाहै छैन।**



## विमल प्रसाद श्रीवास्तव

प्रतिनिधिसभा सदस्य

जनता समाजवादी पार्टी नेपाल

**० प्रधानमन्त्रीलाई विश्वासको मतका लागि बोलाइएको संसदको विशेष अधिवेशनमा जसपाको भूमिकाबारे के भन्नुहुन्छ ?**

– आम जनताले के बुझिदिनुपर्‍यो भने मधेश र मधेशीको नाउँमा राजनीति गर्ने र भोट लिने मान्छेहरु आफ्नो स्वार्थका कारण एजेन्डा बिर्सेर गए। जुन नेतृत्वले मधेश र मधेशीको एजेन्डा पूरा गराउनका लागि सरकारसँग अनुरोध गर्दागर्दै पनि त्यसमा सहयोग गर्नुको साटो तुहाउने जस्ता काम गरे। हाम्रा नेता महन्थ ठाकुरले ओली सरकारसँग मधेशको मुद्दाहरु राखेर छलफलहरु गर्नुभयो र त्यही क्रममा सरकारले केही मागहरु पूरा पनि गर्‍यो र केही पूरा गर्ने प्रक्रियामा छ अहिले। मधेश र मधेशीको नाउँमा राजनीति गर्ने नेताहरुले के बुझे भने महन्थ ठाकुरले त अब मधेशीहरुको माग पूरा गराउने भो, अब भोली के एजेन्डा लिएर जनताको भोट माग्न जाने त ? त्यसकारण उनीहरुले मधेश र मधेशीको माग पूरा नगरोस्, यो सरकारको बरु विरोध गरौं, ताकि पूरा नहोस् र भोली यसैलाई भजाएर हामी जनतालाई ठगौं भन्ने मनसायका साथ केही साथीहरुले मधेशीको जायज माग पूरा गराउने नियत देखाएका छैनन्। त्यसैको प्रतिफल विश्वासको मतको विपक्षमा मतदान गरेको बुझ्न सकिन्छ।

**० प्रधानमन्त्रीको विपक्षमा मतदान गर्नेहरु मधेशको माग र मुद्दा सम्बोधन चाहेका छैनन् त ?**

– बिल्कुलै छैन। बाबुराम भट्टराईजी कहिले मधेशको समस्या हेर्नुभएको छ र। उहाँ माओवादीमा हुँदा मधेशलाई नै शोषण गर्नुभयो, जे-जे गर्नु थियो सबै गर्नुभयो। उहाँले मधेश र मधेशीलाई ललिपप पनि देखाउनुभउो। उहाँहरुको मधेशप्रति कुनै भावना नै छैन नि। मधेशको मुद्दाबारे उहाँहरुसँग के अपेक्षा गर्न सकिन्छ र ? सबैलाई आआफ्नो राजनीतिक रोटी सेक्नुछ। हिजोसम्म जो माओवादीमा थिए, त्यसपछि नयाँ शक्ति पार्टी खोले त्यहाँबाट पनि केही गर्न सकेनन्, अब कहाँ जाने, बरु मधेशी पार्टी हो, यसैमा गए भने पूर्वप्रधानमन्त्रीको हिसावले नेतृत्व लिन पाइन्छ भन्ने उद्देश्यले नै आएका हुन्।

**० संसदमा उपेन्द्र यादवले गरेको सम्बोधनलाई कसरी हेर्ने त?**

– हात्तीको देखाउने दाँत र खाने दाँत फरक-फरक हुन्छ। यी नेताहरुलाई वास्तविक समस्याप्रति कहिल्यै पनि ध्यान गएको छैन। अब जसले माग सम्बोधन गराउन खोज्छ अनि बीचैमा भाँडभैलो गरिदिने अनि आफ्नो अस्तित्व बचाउनका निम्ति म नै हुँ मधेशको मसिहा भन्नका निम्ति षड्यन्त्रपूर्ण काम गरिरहेका हुन्छन्।

**० भनेपछि उपेन्द्र यादव कथित मसिहा हुन् ?**

– कथित मसिहा नै हुन् उपेन्द्र यादव। यिनीहरुको विगत हेर्नुस् त। हिजोसम्म एउटा कुर्ता पैजामा लगाएर सानो झोला बोकेका मान्छेको अहिले विलासिता जीवन हेर्नुस् त। उनीसँग करोडौंको फ्ल्याट छ, डेढ-डेढ करोडको गाडी चढेर हिंडिरहेका छन्।

**० त्यत्रो विलासिता जीवन कसरी भयो ?**

– त्यो त खोजबिन गर्नुपर्‍यो। कहाँबाट यत्रो पैसा आयो ? मन्त्री पाउन्जेल ठिक। यहाँसम्म कार्यकर्तालाई समेतलाई स्थान नदिएर आफ्नो परिवारका मान्छेलाई स्वकीय सचिवमा राख्ने, देशविदेश घुम्न जाँदा आफ्नै बालबच्चालाई लिएर जाने, कहिलेकाहीं पार्टीका कार्यकर्तालाई पनि हेरेको भए हुन्थ्यो नि। अहिले कुन पार्टीका नेताले डेढ करोडको गाडी चढेका छन् ? तर क्रान्तिकारी पार्टीकै नेताले डेढ करोडको गाडी चढ्नुपर्ने ? त्यसमा पनि कुनै दूतावासको लगानी होला। मैले सुनेको कि पार्टीले किनिदियो रे। यो पार्टी कति धनाढ्य भइसक्यो कि एउटा सेकेन्ड म्यानलाई पार्टीले डेढ-डेढ करोडको गाडी किनेर दिन्छ। यसबाट पनि मूल्यांकन गर्न सकिन्छ नि।

**० उपेन्द्र यादवको विलासिता जीवन भनेको आफैले आर्जन गरेका हुन् कि भ्रष्टाचारको पनि कुरा छ ?**

– यसबारे त अनुसन्धान गर्ने विभिन्न निकायहरु छ। म पनि राजनीति गरेको ५२ वर्ष भयो। चार पटक म वीरगन्जको मेयर भएँ, विभिन्न पदमा आसिन भएँ, अहिले पनि सांसद छु, सानोतिनो आफ्नो व्यवसाय पनि गरेकै छु। मेरो हैसियत छैन अहिलेसम्म कि डेढ करोडको गाडी चढुँ।

**० उपेन्द्र यादवले चिनियाँ दूतावासबाट करोडौं रुपैयाँ लिएको विभिन्न सञ्चारमाध्यमहरुमा चर्चा चल्यो, यसमा कतिको वास्तविकता देख्नुहुन्छ ?**

– मैले पनि यसरी नै सुनेको छु। उनको व्यवहार हेर्दा पक्कै पनि केही न केही लिएकै हुनुपर्छ जस्तो लागिरहेको छ। होइन भने करोडौं करोडको फ्ल्याट कहाँबाट आयो काठमाडौंमा ? सबा-डेढ करोडको गाडी कहाँबाट आयो ? अझ राजविराज र विराटनगर कहाँ-कहाँ होलान् त्यो छोडिदिउँ। भनेपछि आगो नबलिकन धुवाँ त आउँदैन। यसमा कतिको सत्यता छ मिडियाका साथीहरुले पनि बुझ्नुपर्ने कुरा हो।

**० तपाईं उपेन्द्र यादवकै पार्टीबाट चुनाव लड्नुभयो, उहाँलाई राम्ररी चिन्नुभएको होला। उहाँले भन्दै आएको वैकल्पिक सरकार किन चाहियो त ?**

– उपेन्द्र यादवले त मधेशीको नाममा भोट लिएर आए, संविधान संशोधन गराउँछु भनेर मन्त्री खाए। स्वास्थ्य एवं उपप्रधानमन्त्री खाए, त्यहाँ के चाहिँ मिलेन, त्यसबाट झारेर कानूनमन्त्री बनाइदियो। त्यो बेला पनि राजीनामा दिनुपर्ने मान्छे अझ के भन्छन् भने मलाई माया गरेर ओलीजीले कानूनमन्त्री दियो रे। भनेपछि उनलाई जस्तो मन्त्रालय दिए पनि हुन्छ। अहिले पनि प्रचण्डसँग उनको साँठगाँठ केका लागि हो भने सकभर गृह मन्त्रालय भेटाउँछन् कि मालवाला मन्त्रालय भेटाउँछ। नियतै सफा भएन। यही महन्थ ठाकुरलाई हेर्नुस्, दुई-तीन चोटि भएपनि आफू सरकार गएनन् नि। बरु अन्य मान्छेहरुलाई पठाए। भनेपछि नेतृत्व त उद्दार हुनुपर्छ।

**० वैकल्पिक सरकारका लागि शेरबहादुर देउवा, प्रचण्ड र उपेन्द्र यादवले संयुक्तरुपमा राष्ट्रपति समक्ष हस्ताक्षर गरेर आग्रह गर्नुभएको छ। जसपाको तर्फबाट उपेन्द्र यादवको आधिकारिक पत्र थियो त ?**

– शेरबहादुर देउवाजी कांग्रेसको सभापति हुनुहुन्छ, प्रचण्डजी माओवादी केन्द्रका अध्यक्ष हुनुहुन्छ उहाँहरुलाई अधिकार प्राप्त होला। उपेन्द्रजी पनि जसपाका नेता हुन् तर उहाँलाई कसैले अधिकार दिएको छैन। त्यो पार्टीगत निर्णय पनि होइन। कसैले आफ्नो व्यक्तिगत स्वार्थले गर्दा कसैसँग पार्टीको नामले सम्झौता गर्छ भने त्यस्ता व्यक्तिलाई पार्टीले कारबाही गर्छ। पार्टीका पहिलो नम्बरको अध्यक्ष महन्थ ठाकुर हो र उहाँकै हस्ताक्षर चल्छ। संसदमा सबै पार्टीका एक-एक जनाले सम्बोधन गर्ने भनिएको थियो। त्यो आधारमा कांग्रेसबाट देउवा, माओवादीबाट प्रचण्ड र जसपाको नेताको नाताले महन्थ ठाकुरले बोल्नुभयो। अनि उपेन्द्रजीले म पनि दुई शब्द बोल्न पाउँछु भनेपछि सभामुखले उहाँलाई पनि बोल्न दिइयो। संसदले पनि प्रमाणित गर्छ कि यो पार्टीको नेता महन्थ ठाकुर नै हुन्।

**० उपेन्द्र यादवलाई पार्टीले कारबाही गर्छ त ?**

– गर्नुपर्छ। हाम्रो माग हो त्यो।

**० नयाँ सरकार गठन हुन्छ त ?**

– राष्ट्रपतिज्यूले दुई वा दुईभन्दा दलहरु यदि मिलेर आउँछन् भने नयाँ सरकार निर्माण हुन्छ भनेर आह्वान गर्नुभएको छ। कांग्रेस र माओवादी मिलेर संख्या पुग्दैन। उपेन्द्र यादव कुन पार्टीको आधारमा सरकार बनाउन जाने ? यदि जसपाको तर्फबाट हो भने त पार्टीको निर्णय भएर, पार्टीको अध्यक्षले पठाएको चिठि मात्रै आधिकारिक हुन्छ। महन्थ ठाकुरले वक्तव्य निकालेर भनिसक्नुभयो कि हामी सरकार बनाउने वा गिराउने खेलमा छैनौं। भनिसकेपछि उपेन्द्रजीले हस्ताक्षर गरुन् वा कोही नेताले हस्ताक्षर गरुन् त्यो त व्यक्तिसरह भयो।

**० भनेपछि जसपा विभाजित भइसकेको हो ?**

– राजनीतिमा जबसम्म अन्तिम नतिजा आउँदैन तबसम्म यही हुन्छ भन्न गाह्रो छ। पार्टी सिस्टममा यसलाई बडो विचित्रको घटनाको रुपमा लिन सकिन्छ। जुन दुःखदायी हो।

**० यही केपी ओलीको सरकारमा दुई बुँदे सहमति गरेर जसरी उपेन्द्र यादव सरकारमा जानुभयो, उहाँ सरकारमा रहँदासम्म मागहरु पूरा गराउन कति इमान्दार प्रयासहरु गर्नुभयो त ?**

– कुनै प्रयास गर्नुभएन। कसरी कमाउँ, कसरी आफ्ना परिवारसहित देशविदेश भ्रमण गरौं त्योबाहेक कुनै पनि काम मधेश र मधेशीका लागि भएन। पद पाएपछि मधेश र मधेशीको कुरासँग के मतलब ? पदबाट हट्ने बित्तिकै मधेश र मधेशीको समस्या बोल्ने, पदमा रहून्जेल मधेश र मधेशी को छ थाहै छैन।

## संक्षिप्त समाचार

### बाँकेमा ३ जेठसम्म निषेधाज्ञा थप

नेपालगन्ज। बाँके जिल्ला प्रशासन कार्यालयले आउँदो जेठ ३ तीन गतेसम्म निषेधाज्ञाको अवधि थप गरेको छ। जिल्ला कोभिड-१९ संक्रमण नियन्त्रण केन्द्रको निर्णयानुसार जिल्ला प्रशासनले जेठ ३ गतेसम्मका लागि निषेधाज्ञाको अवधि लम्ब्याएको जनाएको छ।

### अक्सिजन सिलिण्डर जफत गरी अस्पताललाई

वीरगञ्ज। स्वास्थ्य प्रायोजनबाहेक अन्य कार्यका लागि स्टक गरि राखिएको ४३ वटा अक्सिजन सिलिन्डर रौतहट प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीले चन्द्रपुर, गरुडा र गौरको विभिन्न स्थानबाट उक्त अक्सिजन सिलिन्डर नियन्त्रणमा लिएको हो। प्रहरीले ७ किलो तौल भएको २८ वटा, १.५ किलो तौल भएको ३ वटा र खाली अक्सिजन ७ किलो तौल भएको १२ वटा अक्सिजन सिलिण्डर नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएको मध्ये २३ वटा अक्सिजन सिलिन्डरहरु गौर अस्पतालमा रहेको अस्थायी कोभिड वार्डलाई हस्तान्तरण गरिएको छ। अस्थायी कोभिड वार्डमा उपचाररत बिरामीहरुको लागि उक्त सिलिन्डर हस्तान्तरण गरिएको रौतहटका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिए।

### कोरोना संक्रमणबाट कैलालीमा थप ६ को मृत्यु

धनगढी। कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट संक्रमणबाट कैलालीमा थप ६ जना संक्रमितको मृत्यु भएको छ। सेती प्रादेशिक अस्पतालमा उपचाररत धनगढी उपमहानगरपालिका-४ की ४५ वर्षीय महिला, वडा नम्बर १८ कि ५० वर्षीया महिला र कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ की ६० वर्षीया महिलाको शनिबार राति मृत्यु भएको जनाइएको छ। यसैगरी, टीकापुर अस्पतालमा उपचाररत टिकापुर नगरपालिका-१ का ५० वर्षीय पुरूष र सोही नगरपालिकाका ५० वर्षकै पुरूषको मृत्यु भएको छ। धनगढीको एक निजी अस्पतालमा उपचाररत कैलालीको लम्किचुहा नगरपालिका-९ का ४३ वर्षीय पुरूषको पनि शनिबार राति मृत्यु भएको थियो।

### मोटरसाइकल चोरी गरी लैजाादै गरेको अवस्थामा पक्राउ

पर्सा। वीरगंज महानगरपालिका-३१ वेल्वा बस्ने सुरेन्द्र यादवको ना.१९ प ४०२२ नम्बरको मोटरसाइकल चोरी गरी लैजाँदै गरेको अवस्थामा बहुदरमाई नगरपालिका-४ बस्ने २३ वर्षीय नसिर अन्सारीलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ। यादवको घरको कम्पाउण्डभित्र रहेको उक्त मोटरसाइकलको लक फुटाई चोरी गरी लैजाँदै गरेको अवस्थामा प्रहरी चौकी मिलनचोकबाट खटिएको प्रहरीले वीरगंज महानगरपालिका-३१ भेडैयाखोलाको पुलमा फेला पारी उनलाई पक्राउ गरेको हो। उनी उपर चोरी सम्बन्धी कसूर मुद्दामा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

### कैलालीमा थप तीनको मृत्यु

धनगढी। सेती प्रादेशिक अस्पतालमा उपचार गराइरहेका मध्ये पछिल्लो २४ घण्टामा थप ३ जना कोरोना संक्रमितको मृत्यु भएको छ। अस्पतालका सूचना अधिकारी दिलीप श्रेष्ठका अनुसार बिहीबार दिउँसोसम्म मृत्यु हुनेमा कैलालीका ३ पुरुष रहेका छन्। मृत्यु हुनेहरुमा कैलालीको गोदावरी-३ का ३१ वर्षीय पुरुष, कैलाली धनगढी-२ का ४९ वर्षीय पुरुष र कैलालीकै धनगढी- ३ का ५२ वर्षीय पुरुष रहेको श्रेष्ठले बताए। सूचना अधिकारी श्रेष्ठका अनुसार अस्पतालमा बिहीबार दिउँसोसम्म उपचाररत ६७ जना संक्रमितमध्ये ५ जनाको भेन्टिलेटरमा, आईसियूमा २० जना र अक्सिजनको सपोर्टमा ४५ जना तथा अन्य २ जना रहेका छन्। पछिल्लो २४ घण्टामा अस्पतालको पीसीआर प्रयोगशालामा ७ सय ७६ जनाको परीक्षणमा २ सय ७० जनामा कोरोना पुष्टि भएको छ।

### ट्रकको ठक्करबाट सप्तरीमा दुईको मृत्यु

सप्तरी। हनुमाननगर कंकालिनी नगरपालिका-३ पोर्ताहामा ना.६ ख ३८६१ नम्बरको ट्रकले साईकललाई मंगलबार बिहान ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरुमा साईकल चालक सोही ठाउँ बस्ने ४५ वर्षीय सत्य नारायण मण्डल र साईकलमा सवार उनकै श्रीमती ४० वर्षीया सुनिता देवी मण्डल रहेका छन्। ठक्करबाट गम्भीर घाइते भएका उनीहरुको उपचारको लागि भारदह सप्तरी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### ट्याक्टरको ठक्करबाट कामदारको मृत्यु

कपिलवस्तु। शिवराज नगरपालिका-३ मैनारीमा लु.३ त ९०६८ नम्बरको ट्याक्टरको ठक्करबाट सोही ट्याक्टरमा काम गर्ने एक कामदारको मृत्यु भएको छ। शिवराज नगरपालिका-१ शिवपुर बस्ने १९ वर्षीय राजकुमार थारुको मंगलबार बिहान मृत्यु भएको छ। बालुवा लोड गर्ने क्रममा ठक्कर दिँदा उनको मृत्यु भएको हो। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### सवारी दुर्घटनामा प्रहरी हवल्दारको मृत्यु

रुपन्देही। कंचन गाउँपालिका-४ थकाली चोकस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट पिकेट डिउटीमा रहेका ईलाका प्रहरी कार्यालय रुद्रपुर रुपन्देहीमा कार्यरत प्युठान ऐरावती गाउँपालिका-२ घर भएका ३५ वर्षीय प्रहरी हवल्दार कर्ण बहादुर बुढामगरको बिहीबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

### ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

रौतहट। गुजरा नगरपालिका-६ बेदौली नहरस्थित सडकमा अन टेस्ट लेखिएको टयाक्टरले ना.५५ प ६७७० नम्बरको मोटरसाइकललाई बुधबार साँझ ठक्कर दिँदा मोटरसाइकलमा सवार फतुवा बिजयपुर नगरपालिका-५ सन्तपुर बस्ने शिवपुजन प्रसाद यादवकी ७ वर्षीया छोरी कृतिका यादवको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको चन्द्रपुर अस्पताल चपुरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक गुजरा नगरपालिका-६ बेदौली बस्ने २० वर्षीय रमोद कुमार यादवको सोही अस्पतालमा उपचार भइरेहको छ। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### ट्रकले मोटरसाइकललाई ठक्कर दिंदा एकको मृत्यु

कैलाली। घोडाघोडी नगरपालिका-२ साडेपानीस्थित सडकमा ना.४ ख ८९४० नम्बरको ट्रकले से.५ प २२९९ नम्बरको मोटरसाइकलाई मंगलबार बेलुका ठक्कर दिँदा मोटरसाइकल चालक गोदावरी नगरपालिका-९ बल्मी बस्ने ३५ वर्षीय मीन बहादुर ठकुल्लाको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाईते भएका उनको घोडाघोडी अस्पताल सुखडमा उपचारको क्रममा मृत्यु भएको हो। ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### डुबेर मृत्यु

मोरङ। रंगेली नगरपालिका-५ आँपगाछिस्थित पानी जमेको खाल्डोमा डुबेर सोही नगरपालिका मुसर टोल बस्ने ५० वर्षीया पारू देवी ऋषिदेवको मंगलबार दिउँसो मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### टिपरको ठक्करबाट एकको मृत्यु

रौतहट। चन्द्रपुर नगरपालिका-४ स्थित सडकमा अनटेष्ट लेखेको टिपरले शनिबार दिउँसो ठक्कर दिँदा साईकलयात्री बृन्दाबन नगरपालिका-७ हर्षाहा बस्ने ३५ वर्षीय दिल किशोर रामको घटनास्थलमै मृत्यु भएको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### नालीमा मृत फेला

रुपन्देही। सिद्दार्थनगर नगरपालिका-८ स्थित सडकको सर्भिस ल्याण्डको नालीमा सोही ठाउँ बस्ने ६१ वर्षीय दिल बहादुर गुरुङ शुक्रबार मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com

# फेरि पनि ओली नै ?



**ललित कुमार यादव**

सत्ताधारी दल आन्तरिक विवादमा फस्दा त्यसको प्रभाव सरकारमा पर्नु स्वाभाविक हो । सत्तासाझेदार दलहरुबीचमा वा सत्ताको नेतृत्व गरेको दलमा आन्तरिक विवाद भएमा सरकार सहज रुपमा अगाडि बढ्न सक्दैन । विवादले सरकारको काम गर्ने दक्षता र क्षमतामा नकारात्मक प्रभाव पार्नेमा कुनै शंका नै छैन । आफ्नै भविष्य सुनिश्चित नरहेको सरकारले चाहेर पनि प्रभावकारी रुपमा काम गर्न सक्दैन । संकटसँग जुध्न र सत्तापक्ष र प्रतिपक्ष बीचमा रहेका सम्पूर्ण तिक्तता र विवादलाई थाँती राखेर सरकार र प्रतिपक्ष एकजुट भएर देशहितमा हातेमालो गर्न सकेमा संकटलाई परास्त गर्न केही सहज हुन्छ । तर, संकटसँग संघर्ष गर्नु पर्ने सरकार राजनीतिक विवादको सामना गर्नु पर्दा र आफ्नै भविष्यको चिन्ता लिनु पर्दा संघर्षमा सरकार कमजोर पर्ने सत्यलाई नकार्न सकिदैन ।

अहिले नेपाली नागरिक कोरोना संक्रमणको भयावह संकटको सामना गर्न बाध्य छन् । कयौं नेपाली नागरिकले अमूल्य जीवन गुमाइसकेका छन् । कयौं नेपाली नागरिक जीवन र मरणबीच संघर्ष गरिरहेका छन् र संघर्ष गर्न बाध्य छन् । अहिले सरकार र देशको सम्पूर्ण शक्ति कोरोना संक्रमणविरुद्धको संघर्षमा केन्द्रित हुनुपर्ने देशको आवश्यकता हो । तर, सरकार र देशको राजनीति उल्टो दिशाबाट फर्केर सहि दिशामा आउने कुनै संकेत देखिएको छैन ।

अविश्वासको प्रस्ताव आउने प्रतिक्षामा रहेका प्रधानमन्त्री ओली लामो प्रतिक्षापछि विश्वासको मत लिनका लागि आफै संसदमा प्रस्तुत भए । उनले प्रतिनिधिसभाको विश्वास त पाउन सकेनन् तर प्रतिनिधिसभाले अर्को बहुमतको सरकार दिन नसक्ने कुराको समेत पुष्टी भयो । प्रधानमन्त्री ओलीको विपक्षमा पनि स्पष्ट बहुमत देखिएन । यस्तो अवस्थामा राष्ट्रपति विद्या भण्डारीद्वारा ओलीलाई नै प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको संसदीय दलका नेताका हैसियतमा पुनः प्रधानमन्त्री नियुक्त गर्ने अनुमान नगरिएको पनि होइन, तर राष्ट्र्रयपति भण्डारीले बहुमतको सरकार गठन गर्नको लागि प्रतिपक्षीहरुलाई अवसर दिएकी छन् । यो अवसर सदुपयोग गर्न प्रतिपक्षीहरुले सकेनन् भने प्रधानमन्त्री ओलीले गत पुस ५ गते चालेको कदमको औचित्य पुष्टी हुनेछ । प्रतिनिधिसभा पुनर्वहालीका लागि भन्दै जनतालाई आन्दोललनमा होम्ने दलहरुलाई इतिहासले दण्डित गर्ने नै छ ।

औपचारिक रुपमा पुस ५ गतेबाट उल्टो दिशाको यात्रा सुरु गरेको नेपाली राजनीतिले कानूनी न्याय पाएपछि लिनुपर्ने गति र दिशा लिन सकेको छैन । देशको राजनीतिको गति र दिशा निर्धारण गर्ने जिम्मा राजनीतिक दलहरुको हुन्छ । राहनीतिक दलहरु र दलका नेताहरुले उचित निष्कर्ष र सहि निर्णय लिन नसक्दा देशको राजनीतिले उल्टो दिशा लिन्छ । दलहरु र दलका नेताहरुले देशलाई निकास दिने गरि एउटा निष्कर्ष र निर्णयमा नपुग्दासम्म देशको राजनीतिले सहि गति र सहि दिशा लिन सक्दैन् । राजनीतिक दलहरुबिचमा रहेको विवाद र दलहरुको आन्तरिक विवादका कारण देशको राजनीतिले राजनीतिक अन्योलताको पर्खाल भत्काउन सकेको छैन् । देशको अहिलेको अवस्थाको लागि सम्पूर्ण राजनीतिक दल र ती दलका नेतृत्वमा रहेका सम्पूर्ण नेताहरु त्यति नै जिम्मेवार रहेका छन् ।

प्रधानमन्त्रीबाट ओलीलाई विदाइ गर्न र वैकल्पिक सरकार बनाउन संसद पुनर्स्थापनाको माग गरेका माओवादी केन्द्र, एमालेका नेपाल खनाल समूह र जसपा र संसद विघटनलाई असंवैधानिक, अलोकतान्त्रिक भनेका काँग्रेसबिच एउटा सहमति र सम्झदारी बन्नु पर्दथ्यो। एमालेका नेपाल-खनाल समूह दलीय प्रतिबन्धका कारण राजनीतिक रुपमा औपचारिक सहमति गर्ने अवस्था नभएपनि काँग्रेस, माओवादी र जसपाबिच सहमति नहुनुमा जसपाले निर्णय लिन नसक्नु वाहेक अर्को कुनै कारण थिएन । जसपाको महन्थ ठाकुर र राजेन्द्र महतो प्रधानमन्त्री ओलीको प्रलोभनमा नपरेको भए जसपाले निर्णय लिन सक्ने अवस्था बन्थ्यो । तर त्यसो भएन । फुटिसकेको जसपा औपचारिक रुपमै फुट्न सक्ने भएका कारण जसपाले निर्णय लिन सकेन । जसपाले वैकल्पिक सरकार बनाउन एकमत भएको भए वैकल्पिक सरकार बन्नेमा कुनै शंका थिएन । अहिले पनि कुनै शंका छैन । देशलाई वैकल्पिक सरकार दिन सिंगै जसपा तयार हुन अत्यन्त जरुरी छ । तर, जसपा देशलाई वैकल्पिक सरकार दिन तयार छैन । प्रधानमन्त्री ओलीले जसपाको ठाकुर र महतोलाई विश्वासमा लिएका कारण जसपा एकमत हुन नसकेको कारण ओलीको विकल्पमा सरकार बन्न सकेको छैन ।

यहि वैशाख २७ गते संसदबाट विश्वासको मत लिने दुस्साहस प्रधानमन्त्री ओलीले आफै गरेका थिए । प्रधानमन्त्रीलाई संसदबाट विश्वासको मत प्राप्त नहुने प्रष्टसँग थाहा थियो । तरपनि संसदको विशेष अधिवेशन आव्हान गरेर त्यो पनि नियमित अधिवेशन बोलाउनु पर्ने बेलामा प्रधानमन्त्रीले विश्वासको मत लिनुलाई प्रधानमन्त्रीले पुनः संसद विघटन गर्ने बाटो तय गर्न खोजेको देखिन्छ । प्रतिनिधिसभामा प्रधानमन्त्रीमाथि विश्वास रहेको पक्षमा मतदान हुँदा पक्षमा ९३, विपक्षमा १२४ र तटस्थ १५ मत परेको थियो । प्रधानमन्त्रीलाई विश्वासको मत लिन आवश्यक रहेको १३६ मत प्राप्त नभएकोले प्रतिनिधिसभाबाट प्रधानमन्त्री ओलीले विश्वास गुमाएका छन् । मतदान हुनु अगावै प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसक्ने प्रष्ट भैसकेको थियो।

प्रधानमन्त्रीले आफै संसदीय दलको नेता रहेको एमालेकै सबै १२१ मत प्राप्त गर्न सकेन्। मतदान अगावै नेपाल खनाल समूहले फ्लोर क्रस गर्ने, विश्वासको मत दिने, बैठकमा उपस्थित नहुने र सामूहिक राजीनामा दिने विकल्पमा छलफल गरेका थिए। नेपाल खनाल समूहको सामूहिक राजिनामा आउने आँकलन गरिएको भएपनि २७ गते राजिनामा दिने निर्णयबाट एक कदम पछाडि हटेर अनुपस्थित हुने निर्णयमा खनाल-नेपाल समूह पुगेका थिए। यद्यपि नेपाल-खनाल समूहले सामूहिक राजिनामा दिने अड्कल नेपाल खनाल समूहको निर्णय बाहिरिँदासम्म गरिएको थियो। अनुपस्थित हुने नेपाल खनाल समूहको निर्णयमा पुगेसँगै प्रधानमन्त्रीले संसदबाट विश्वासको मत प्राप्ते गर्न सक्ने झिनो भन्दा झिनो सम्भावना पूर्णरुपमा समाप्त भएको थियो। सँगै नेपाल खनाल समूहको राजिनामाले वैकल्पिक सरकार बन्न सक्ने सम्भावना बढ्ने सम्भावनाको पनि अन्त्य भएको थियो।

अब प्रधानमन्त्री ओलीको विकल्पमा सरकार बन्ने सिंगै जसपा ओलीको विपक्षमा उभिनु पर्ने हुन्छ । संसदमा विश्वासको पक्षमा भएको मतदानमा जसपाको मत प्रस्तावको विपक्षमा र तटस्थ मतमा विभाजित भएको थियो। यसले पनि सिंगै जसपा ओलीको विकल्प खोज्न तयार नरहेको देखिन्छ । जसपाभित्र मतभेद रहेका कारण जसपाले आफ्ना सांसदहरुलाई ह्वीप लगाएका थिएन। जसपाले औपचारिक बिभाजन रोक्न पनि यस्तो निर्णय गर्न बाध्य भएका थिए। संसदमा बोल्ने क्रममा पनि महन्थ ठाकुरले तटस्थ बस्ने र उपेन्द्र यादवले विपक्षमा मतदान गर्ने जनाएका थिए। यी दुई नेता मध्ये ठाकुरले प्रधानमन्त्रीलाई केही मुद्दा फिर्ता लिएकोमा धन्यवाद दिएका थिए भने यादवले विगतमा माधेश आन्दोलनप्रति ओलीले गरेका टीकाटीप्पणी र सरकारको कामको आलोचना गरेका थिए। ओलीको पक्षमा विश्वासको मत पुग्ने सम्भावना भएको भए जसपा फुट्ने निश्चित प्रायः थियो। प्रधानमन्त्री ओलीले आफ्नै दल एमालेको सबै १२१ मत प्राप्त गर्ने अवस्था भएको भए जसपाको ठाकुर महतो पक्ष ओलीको पक्षमा मतदान गर्ने निश्चित थियो। तटस्थ बसेको १५ मत र एमालेको १२१ मतमा जोडदा १३६मत हुन्छ। जुन मत प्रधानमन्त्रीले प्राप्त गर्न सकेको भए प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वास गुमाउने थिएन। देशले राजनीतिक निकास पाउँथ्यो। ओली नेतृत्वको सरकारले निरन्तरता पाउँथ्यो।

प्रतिनिधिसभाबाट विश्वास गुमाएसँगै यो सरकार कामचलाउ सरकारमा परिणत भएको छ। संसदबाट अर्को सरकार बनाउने प्रक्रिया आरम्भ भएको छ। तर ओलीको विकल्पमा सरकार बन्ने सत्ता समीकरण बनिसकेको छैन । पार्टीको ह्वीप विपरीत संसदको बैठकमा अनुपस्थित भएका नेपाल खनाल समुहको निर्णयले वर्तमान सरकारले निरन्तरता पाएन न त वैकल्पिक सरकार बन्ने ढोका खोल्यो। नेपाल खनाल समूहको निर्णय र जसपा एकमत हुन नसकेको कारण देशको राजनीतिले निकास पाउन नसकेको भन्दा फरक पर्दैन होला। ओलीको विकल्पमा सरकार बन्न नेपाल खनाल समूहले राजिनामा नगरेसम्म जसपाको यादव र भट्टराई समूह, काँग्रेस र माओवादी केन्द्रले मात्र बहुमत पुऱ्याउन सक्दैन। एमालेभित्रका नेपाल खनाल समूहले साँचिकै ओलीकै विकल्प खोजेको भए सामूहिक राजिनामा दिएर वैकल्पिक सरकार बन्न सक्ने ढोका खोल्न सक्नु पर्थ्यो । वैकल्पिक सरकार बन्न सक्ने ढोका खोल्न नसकेका नेपाल-खनाल समूहले प्रधानमन्त्री ओलीलाई विशवासको मत दिएर वर्तमान सरकारको निरन्तारतासँगै पार्टीभित्रको अन्तर संघर्षलाई पनि निरन्तरता दिनु पर्थ्यो । ओलीले नेपाल-खनाल समूहलाई कारवाही गरेर आफ्नै विकल्पमा सरकार बन्न सक्ने परिस्थितिको निर्माण उनी आफैले कुनै हालतमा गर्दैनन् । अब पुनः देश प्रधानमन्त्रीले खोजेकै बाटोमा अगाडी बढने सम्भवना बढेको छ। देशको राजनीतिले सहि गति र सहि दिशा लिने सम्भवना कमजोर भएको छ। नेपाल खनाल समूहले सामूहिक राजिनामा नदिएपनि पार्टीको ह्वीप मानेनन् र जसपाले एकमत हुने निर्णय गर्न सकेन्। नेपाल खनाल समुह र जसपाको यही अनिर्णयको कारण देश अनिर्णयको बन्दी बन्नेण परस्थिति बनेको भन्दाल संसदमा देखिएको मत परिणाम भन्दा फरक नपर्ला।

lkskeshariaaryan@gmail.com

## सातै प्रदेशमा पत्रकार अस्पताल र विद्यालय स्थापना हुनुपर्ने माग



काठमाडौं । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुभाष साहले सात वटै प्रदेशमा पत्रकार अस्पताल र पत्रकार बिद्यालय स्थापना हनुपर्ने बताएका छन् ।

मंगलबार जुमको माध्यमबाट महासंघको बसेको दोस्रो बैठकमा विशेष प्रस्तावको रुपमा राख्दै उनले पत्रकार अस्पताल र पत्रकार विद्यालय सात वटै प्रदेशमा स्थापना गर्नुपर्ने आवश्यक्ता रहेको बताए ।

पत्रकार महासंघ महासचिव रोशन पुरीले बैठकमा पत्रकार अस्पताल र पत्रकार बिद्यालय सात वटै प्रदेशमा स्थापना गर्नुपर्ने प्रस्ताव आएको बताए । सो प्रस्तावको बिषयमा छलफल गरेर अगामी दिनमा निर्णय गरिने उनले बताए ।

'पत्रकार महासंघले सात वटै प्रदेशमा अस्पताल र बिद्यालय स्थापना गर्नुपर्छ । यसले पत्रकार मात्रै नभई पत्रकारका परिवारका साथै सर्वसधारणले समेत लाभ लिनसक्छन्' केन्द्रीय सदस्य साहले भने, 'मैले बैठकमा सोही बिषयलाई समेटेर बिशेष प्रस्तावको रुपमा छलफलका लागि प्रस्ताव गरेको छु ।'

संघीय, प्रदेश र स्थानीय तह गरी तीनै तहको सरकारको सहयोग तथा पत्रकार महासंघको आफनै कोषबाट खर्च गरी पत्रकार अस्पताल र बिद्यालय स्थापना गर्न सकिने तर्क उनको रहेको छ । यसैगरी कोरोना भाइरसका कारण मृत्यु भएका पत्रकारका परिवारलाई पाँच लाख र उपचाररत संक्रमित परिवारलाई समेत आर्थिक सहयोग महासंघको तर्फबाट गर्नुपर्ने प्रस्ताव साहले गरेका छन् ।

कोरोना भाइरसको महामारीले पत्रकार तथा सञ्चार क्षेत्रमा नराम्रो प्रभाव परेकाले ति सबै समस्याको समाधानका लागि महासंघले पहल गर्नुपर्ने माग उनले गरेका छन् ।

## पर्सामा थप ३२ चिकित्सक तथा स्वास्थ्यकर्मी खटाइने

वीरगञ्ज । प्रदेश २ सरकारले कोरोना महामारीले आक्रान्त पर्सा जिल्लामा थप ३२ जना चिकित्सक स्वास्थ्यकर्मी खटाउने भएको छ । नारायणी अस्पतालमा १९ जना र पोखरिया अस्पतालका लागि १३ जना चिकित्सक स्वास्थ्यकर्मी दिने निर्णय प्रदेश २ सरकारले गरेको हो । कोभिड-१९ महामारी रोकथाम नियन्त्रण र उपचारमा कमी हुन नदिने उद्देश्यले प्रदेश २ सरकारले ३२ जना चिकित्सक स्वास्थ्यकर्मी छनौट गरी नारायणी र पोखरिया अस्पतालमा खटाउने निर्णय गरेको मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादवले जानकारी दिए ।

स्वास्थ्य कार्यालय पर्साले छिट्टै सूचना निकालेर चिकित्सक स्वास्थ्यकर्मीको भर्ना लिने र खटाउने उनको भनाइ छ । नारायणी अस्पतालमा कन्सल्टेन्ट एनेस्थेसिया अधिकृत नवौं तहको १ जना, मेडिकल अधिकृत आठौं ५ जना, स्टाफ नर्स ८ जना, एनेस्थेसिया असिस्टेन्ट १ जना, ल्याब टेक्नोलोजिस्ट १ जना, ल्याब असिस्टेन्ट १ जना र स्वीपर २ जना दिन लागिएको छ ।

पोखरिया अस्पतालमा मेडिकल अधिकृत आठौं २ जना, स्टाफ नर्स ६ जना, रेडियो ग्राफर १ जना, एनेस्थेसिया टेक्नोलोजिष्ट १ जना, ल्याब असिस्टेन्ट १ जना र स्वीपर २ जना पठाइने प्रदेश सरकारले जनाएको छ ।

## युवाहरुद्वारा १५ थान सिलिण्डर कपिलवस्तु अस्पताललाई हस्तान्तरण

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तु अस्पतालमा अक्सिजनको अभाव भएपछि स्थानीय युवाहरुले विभिन्न व्यक्ति तथा संस्थाहरुबाट सहयोग संकलन गरी सहयोगी हातहरु अगाडि बढाइरहेका छन् ।

सोही क्रममा १५ थान ४७ लिटरको अक्सिजन सिलिन्डर कपिलवस्तु अस्पतालमा कोभिड बिरामीहरुका लागि हस्तान्तरण गरेका छन् ।

अभियानका संयोजक गोपि कृष्ण शर्मा, अधिकारकर्मी रवी ठाकुर, व्यवसायी नित्यानन्द वर्माले अस्पताललाई हस्तान्तरण गरेका हन् ।

अस्पतालका व्यवस्थापक रत्नाकर शुक्ला र कपिलवस्तु नगरपालिकाका प्रमुख किरण सिंहलाई उक्त साम्रगी हस्तान्तरण गरेका हुन् ।

आगामी दिनमासमेत अन्य क्षेत्रबाट सहयोग संकलन गरी अस्पताललाई आवश्यक पर्ने अक्सिजन तथा स्वास्थ्य सामग्री संकलन तथा वितरण कार्य जारी राख्ने संयोजक गोपि कृष्ण शर्माले बताए ।

साथै कोरोनाको विषम् परस्थितिमा मानतावादी रुपले सबैले एक आपसमा सहयोग र सहकार्य सुरक्षित रुपमा गर्नसमेत अभियानकर्मीहरुले जनाएका छन् ।

विभिन्न दाता तथा निकायले सहयोग गरेपछि केही हदसम्म विरामीहरुको उपचारमा सहजता आएको अस्पतालका व्यवस्थापक रत्नाकर शुक्लाले बताए ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## कला/साहित्य

कमल मण्डल 

# मैथिली भाषाको फिल्म सन्तानको छायांकन सम्पन्न



हरसित हनि फिल्म प्रोडक्शनको प्रस्तुतिरहेको मैथिली भाषाको फिल्म सन्तानको छायांकन सम्पन्न भएको छ । मिथिलाको सुन्दर नगरी जनकपुरको आसपासमा छायांकन भएको यस फिल्ममा एउटा आमाको दुईवटा सन्तान हुन्छ । एउटा लफुवार अर्को मउगीयाहा, हुन्छ । मउगीयाहाले समाजमा भोग्नु परेको समस्यार अपमानलाई यस फिल्ममा देखाइएको छ । फिल्म व्यावसायिक बनाउनका लागि एक्शन लभरोमांस, पनिराखिएको कुरा कलाकार अरुण बिजैयाले जानकारी दिएको छ । फिल्ममा गाना ४ वटारहेको छ । मैथिलीको चर्चित गीतकार सरोज मण्डलद्वारारचना गरिएको गीतमा मिथिलाको चर्चित संगीतकार शैलेन्द्र विश्वकर्माको सुमधुर संगीत तथा अरुण बिजैया, ईसिका भुजेल लगायतका गायक गायीकाको सुमधुर आवाजरहेको छ ।

निर्देशनः शिव थारु, एक्सनः बिर मास्टर, छायांकनः गजु गजेन्द्र, मेकअपः कृष्ण सुवेदी, कलाकारः अरुण बिजैया, अविनास झा( मउगीयाहा), इसिका भुजेल, पिपहि, अशोक सिंह, अधिकलाल यादव, बवलु लगायतको कलाकारहरुको अभिनयरहेको छ । कोभिडको कारण सम्पादन तथा डबिंगमा अली ढिलो हुने कुरा कलाकार तथा गायक अरुण बिजैया जानकारी दिएको छ । गायक बिजैया मैथिली, नेपाली, भोजपुरी तथा हिन्दी गीतमा समेत आफनो आवाज दिईसकेका छन् । जनकपुर, काठमाण्डौ, दिल्ली देखी मुम्वई सम्मको अनुभव बटुलेका बिजैया बिजैया गायनसँगै अभिनयमा पनि उतिकै सक्रियरहेको छ ।

गायक अरुण बिजैया जानकारी दिएको छ । गायक बिजैया मैथिली, नेपाली, भोजपुरी तथा हिन्दी गीतमा समेत आफनो आवाज दिइसकेका छन् । जनकपुर, काठमाण्डौ, दिल्लीदेखि मुम्बईसम्मको अनुभव बटुलेका बिजैया बिजैया गायनसँगै अभिनयमा पनि उतिकै सक्रियरहेको छ ।

# भारतमा भाइरसको अनुसन्धानमा थप सक्रिय बन्दै वैज्ञानिकहरू

काठमाडौं । भारतमा फेला परेको कोरोनाभाइरस (कोभिड-१९) को चिन्ताजनक नयाँ स्वरुप (भेरिएन्ट) निकै सजिलोसँग फैलिन सक्ने देखिएको छ । तर यस नयाँ स्वरुपको भाइरसलाई ट्र्याक गर्नर यसलाई अझराम्रोसँग बुझ्नका लागि आवश्यक पर्ने परीक्षण गर्नेतर्फ भारत निकै पछाडि छ । विश्व स्वास्थ्य संगठन ( डब्लुएचओ) ले भाइरसको प्रारम्भिक अनुसन्धानका आधारमा यस नयाँ स्वरुपलाई निकै चिन्ताजनक भनी वर्गीकृत गरेको छ । यस भाइरसको नयाँ स्वरुपलाई डब्लुएचओले पहिला अन्य मुलुकमा समेत फैलिएका बेलायत, दक्षिण अफ्रिकार ब्राजिलका नयाँ स्वरुपका भाइरसकै कोटीमाराखेर अनुसन्धान अघि बढाएको छ । 'हामीलाई यो भाइरसको नयाँ भेरिएन्टका बारेमा धेरैभन्दा धेरै जानकारी चाहिएको छ,' डब्लुएचओकी विज्ञ मारिआ भान कर्खोभले भनिन्, 'हामीले थप अनुक्रमित (सिक्वेन्सिङ) गर्नु जरुरी छर यसलाई भारत एवं अन्य मुलुकका विवरणसँग भिडाउनु पर्दछ ताकि यसबाट यो भाइरस कति फैलिएको छ भन्ने थाहा पाउन मद्दत पुगोस् ।' भाइरसको स्वभाव नै निरन्तर रुप परिवर्तन गरिरहनु हो,र बढ्दो संक्रमण वा फैलावटले नयाँ नयाँ स्वरुपमा रुपान्तरण हुन मद्दत गर्दछ । भाइरसले नयाँ स्वरुप धारण गरे वा नगरेका बारेमा भारतमा भाइरसको आनुवंशिक अनुगमन शुरु गर्न ढिलो भइरहेको थियो । अर्थात् यो कोरोनाभाइरस कति संक्रामक वा घातक हुँदैछ भन्ने बुझ्ने प्रयास भएको देखिन्न ।

# के गर्छ...

मत लिँदा यादवर चौधरीले विपक्षमा भोट दिएका थिए । यसैगरी पूर्वसमाजवादीका दुईजना सांसद विमल श्रीवास्तवर उमाशंकर अरगरैया ठाकुर पक्षमा पुगेका छन् । उनीहरू ठाकुर पक्षको लाइनअनुसार मतदानमा तटस्थ बसेका थिए । प्रतिनिधिसभामा विश्वासको मत लिने प्रस्तावमाथि मतदान हुँदा ठाकुर पक्षका एकर उपेन्द्र पक्षका एक सांसद अनुपस्थित थिए ।

मुलुककोराजनीतिक अवस्थाबारे छलफल गर्न ठाकुर पक्षधर नेताहरूको पूर्वराजपा केन्द्रीय कार्यालय बबरमहलमा अनौपचारिक बैठक बसे । बैठकमा ओलीको विकल्पमा नयाँ गठबन्धनमा सहभागी नहुने सहमति भयो ।

नयाँ सरकारका लागि गठबन्धन बनाउने भनी उपेन्द्र पक्षले गरेको निर्णय पार्टीको नभएको ठाकुर पक्षको तर्क छ ।

ठाकुर पक्षका नेता विमल प्रसाद श्रीवास्तवले ओली सरकारको विकल्पमा नयाँ गठबन्धन बनाउने निर्णय नभएको बताउँछन् । मधेशवाणसँगको कुराकानीमा उनले उपेन्द्रलाई कारबाही हुन सक्ने दाबी गरे ।

हस्ताक्षर विवाद

जसपामा अब कसको हस्ताक्षरलाई वैधानिकता दिने भन्ने विषयमा पनि नयाँ विवाद सुरु भएको छ । ठाकुरनिकट नेताहरू ठाकुर पहिलो अध्यक्ष भएकोले ठाकुरको हस्ताक्षरलाई मान्यता दिनुपर्ने अडानराखेका छन् भने यादव पक्षका नेताहरूले यादवको हस्ताक्षरलाई मान्यता दिनुपर्ने दाबी गरेका छन् । यादव पक्षका नेताहरुले पार्टीको कार्यकारिणी समितिमा यादव बहुमतमारहेको बताउँदै यादवको हस्ताक्षरले वैधानिकता पाउनुपर्ने दाबी गर्छन ।

चर ठाकुरनिकट नेताहरुकाअनुसार ठाकुरको हस्ताक्षरले वैधानिकता पाउनुपर्ने बताउँछन् । जसपाको संसदीय दलमा ठाकुरर यादव पक्षको बराबर संख्या छ भने कार्यकारिणी समितिमा यादव पक्षको बहुमत छ । पूर्वराजपाका ३ जना कार्यकारिणी समितिका सदस्य महेन्द्र यादव, गजाधार यादवररमेश यादवले कित्ता परिवर्तन गरी यादव पक्षमा पुगको छन् । यद्यपि, ठाकुर पक्षका नेताहरूले पनि यादव पक्षका केही नेताहरू आफूतिर आएको दाबी गर्छन् ।

# टीकाकरण...

परे रोकी आवश्यक अर्थको व्यवस्था गरी कोविड नियन्त्रणको कार्य मुख्यमन्त्रीको हैसियतमा माननीय मुख्यमन्त्रीको प्रत्यक्ष नियन्त्रणमा पारदर्शी र अनुकरणीय किसिमले आगाडि बढाउन विनम्रतापूर्वक अनुरोध गर्दछु ।

६. कोविडको यस महामारीमा एउटा अर्को स्वास्थ्य सम्बन्धी समस्या थपिएको देखिएको छ । अन्य रोग लिएर वा अन्य रोग भएको ठानेर अस्पतालहरुमा जानेहरू उपचार पाउन समस्या भोगिरहेका छन् । ज्वरो आएको अवस्थामा खास गरी केही चिकित्सक बाहेक धेरै जसो निजी अस्पताल र उपचारकेन्द्रहरु हेर्न असमर्थता जनाइरहेका छन् । कोविड बाहेकका अन्य संक्रमणमा पनि सामान्य लक्षण ज्वरो नै हो । कतिपय स्थानहरुमा महँगो जाँचहरू गराएर अब बाहिर अन्यत्र लै जानोस् भन्ने गरिएका गुनासाहरू सुनिन्छन् । गरीब र अशिक्षित जनता खास गरी यसका शिकार भइरहेका देखिएका छन् । पीसीआरको परिणाममा समय लाग्ने हुँदा सो जाँच गरेर कोविड उपचारकेन्द्रमा पठाउने वा अन्य उपचार गर्ने भन्ने निर्णय लिन पनि कठीन छ । यस्तोमा च्बउष्म ब्लतष्नभल त्भकत एउटा समाधान हुन सक्छ कि ? यस तर्फ विचार गरी प्रदेश सरकारबाट जिल्ला असपतालहरु लगायतमा च्बउष्म ब्लतष्नभल त्भकत को व्यवस्था गरी कोविड देखिए कोविड उपचारकेन्द्रमा प्रेषित गर्ने वा होम ट्रीटमेन्टको सल्लाह दीई पठाउने गरिओस् ; अन्य रोग भए त्यहीं उपचार गर्ने व्यवस्था होस् भन्ने आग्रह गर्दछु ।

विश्वास छ, प्रदेश सरकारले यीबारे गम्भीरतापूर्वक सोची आवश्यक कदमहरू उठाइने छन् ।

# नेपाल-भारत उडान हप्तामा दुई पटक

काठमाडौं । दुई देशका नागरिकलाई मात्रै उडान अनुमति भएको एयर बबल अवधारण अनुसार सातामा बुधबारर शुक्रबार गरी दुई दिन काठमाडौं-दिल्ली उडान हुने भएका छन् । नागरिक उड्डयन प्राधिकरणको उडान अनुमति शाखाका उप-प्रबन्धक ज्ञानेन्द्र भुलका अनुसार भारतीय ध्वजाबहाक कम्पनी एयर इन्डियाले शुक्रबार दिल्ली-काठमाडौं-दिल्ली उडान गर्दैछ । शुक्रबार दिउँसो साढे २ बजे काठमाडौं अवतरण हुने एयर इन्डियाले १ सय ८० सिट क्षमताको एयरबस-३२० जहाज उडाउने अनुमति लिएको छ भने निगमले १ सय ५८ सिट भएको एयरबस-३२० बाट उडान गर्ने छ ।त्यस्तै, नेपाल वायुसेवा निगमले बुधबार काठमाडौं-दिल्ली-काठमाडौं उडानको तालिका सार्वजनिक गरेको छ । प्राधिकरणले स्वास्थ्य मन्त्रालयले हवाइ यात्रुर क्वारेन्टाइनबारे जारी गरेको निर्देशिका अनुसार नेपाल भारत उडान अनुमति जारी गरेको छ । त्यस्तै, यी उडानबाट सेवा लिने यात्रुबारे दुवै मुलुकले तोकेका छन् । अर्थात् यी उडानमा नेपालीर भारतीबाहेक तेस्रो मुलुकका नागरिकले यात्रा गर्न पाउने छैनन् । विशेष परिस्थितीका लागि तोकिएका उडान भएकाले नेपालले काठमाडौं आउने यात्रुसँग बारकोडर फोटोसहितको पीसीआर रिपोर्ट अनिवार्य संलग्न हुनुपर्ने नियम बनाएको छ ।

# भारतको महाराष्ट्रमा जुन १ सम्म लम्ब्याइयो 'लकडाउन'

नयाँदिल्ली । भारतको महाराष्ट्रमा आउँदो जुन १ तारिखसम्मका लागि 'लकडाउन'को अवधि बढाइएको छ । अन्यराज्यबाट आउनेहरुका लागि नेगेटिभ पीसीआर रिपोर्ट अनिवार्य गर्दै महाराष्ट्र सरकारले जुन १ बिहान ७ बजेसम्म लकडाउन अवधि बढाएको भारतीय सञ्चारमाध्यमले जनाएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकमा संक्रमण बढेकोमा चिन्ता व्यक्त गर्दै अधिकांश सदस्यहरुले मे ३१ सम्म लकडाउन बढाउनुपर्ने धारणाराखेका थिए । महाराष्ट्रमा पछिल्लो समय कोरोना संक्रमणबाट ज्यान गुमाउनेहरुको संख्या बढिरहेको छ । पछिल्लो २४ घण्टामा योराज्यमा ४६ हजार ७८१ नयाँ संक्रमित थपिएका छन् भने ८१६ संक्रमितको मृत्यु भएको बताइएको छ । हालसम्म यसराज्यमा ५२ लाख २० हजार बढी कोरोनाभाइरसबाट संक्रमित भएका छन् भने मृतकको संख्या ७८ हजार ७ पुगेको छ । मे १४ देखि अप्रिल २० सम्म मृत्युदर ०.६ प्रतिशतरहेको महाराष्ट्रमा यो दर अप्रिल २१ देखि अप्रिल २७ सम्म बढेर १.१४ प्रतिशत पुगेको छ । मंगलबार मृतकको संख्यामा थोरै कमी आए पनि बुधबार पुनः बढेको बताइएको छ । मंगलबार ५१ संक्रमितको मृत्यु भएको थियो भने बुधबार ६६ संक्रमितको मृत्यु भएको छ । यद्यपि, यीमध्ये ५० प्रतिशतमा कोरोनाभाइरस संक्रमण हुनुपहिले नै अन्यरोग लागेको थियो ।

# धनुषामा जेठ १० गतेसम्म निषेधाज्ञा थप

जनकपुरधाम । कोरोना भाइरस महामारीको दोस्रो लहर तीव्र रुपमा फैलिरहेको समय धनुषामा जेष्ठ १० गतेसम्म निषेधाज्ञा लम्ब्याउने निर्णय भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले वैशाख १९ गतेदेखि लगाएको निषेधाज्ञा शुक्रबार सकिँदै थियो । तर बिहीबार नै अवधि बढाउने निर्णय भएको हो । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले कोरोना संक्रमण दर कम गर्न तथा यसको चेनलाई ब्रेक गर्न निषेधाज्ञा लगाइए पनि संक्रमण तथा मृत्यु दरमा सुधार नआएकोले जेष्ठ १० गतेसम्मको लागि निषेधाज्ञाको समय बढाइएको बताए । त्यस्तै जिल्ला संकट व्यवस्थापन समितिको बैठकले अस्पतालहरुमा अक्सिजनको माग अत्याधिक बढे पनि सीमित सिलिन्डररहेकोले १२५ वटा अक्सिजन सिलिन्डर उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय सर्लाहीसँग अनुरोध गर्ने निर्णय गरेको छ । बैठकले निषेधाज्ञालाई कार्यान्वयनको लागि खटायएको सुरक्षाकर्मीहरुको इन्धन तथा सुरक्षा उपकरणको लागि ७ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरेको छ । त्यस्तै जिल्लामा एम्बुलेन्स पर्याप्त भए पनि बिरामीहरु समयमा एम्बुलेन्स नपाएको, कोरोना बिरामीलाई नलगेको तथा अत्याधिक भाडा लिने गरेको गुनासो आएकोले त्यस्तो नगर्न आग्रह गर्दै त्यस्तो गरेमा प्रचलित कानून बमोजिम कारवाही गर्ने निर्णय भएको प्रजिअ बास्तोलाले जानकारी दिए ।

# महोत्तरीको एउटै बस्तीका ४० संक्रमित

महोत्तरी । महोत्तरीको बर्दिबास नगरपालिका-५ को चेरु ग्रामीण बस्तीमा कोभिड-१९ सङ्क्रमण दिनदिनै बढेपछि त्रास बढेको छ । बस्तीमा यही वैशाख १७ गते भएका विवाह समारोहयता सङ्क्रमण हुने क्रम ह्वात्तै बढेको हो । बस्तीमा अहिले ४० भन्दा बढी सङ्क्रमण पुष्टि भइसकेका छन् । विवाह समारोहमा भएको जमघटर बाहिरी पाहुनाको सघन आवतजावतबीच स्वास्थ्य सचेतना नअपनाइँदा सङ्क्रमण बढेको स्वास्थ्यकर्मी बताउँछन् । पूर्वपश्चिमराजमार्गबाट छ/सात किलोमिटर उत्तर चुरे पहाडी शृङ्खलामा पर्ने यो बस्तीमा वैशाख १७ गते भएको वैवाहिक समारोहको जमघटयता सङ्क्रमण ह्वात्तै बढेको हो । बस्तीका ४० जनामा पिसिआर परीक्षणबाट सङ्क्रमण पुष्टि भइसकेको बर्दिबास नगरस्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका सहसंयोजक वरिष्ठ स्वास्थ्यकर्मीरामबाबु यादवले जानकारी दिए । बस्तीमा वैशाख २० गतेदेखि रुघाखोकी लाग्ने, ज्वरो आउनेर सास फेर्न अप्ठ्यारो हुने समस्या देखिन थालेपछि बस्ती केन्द्रित स्वाव सङ्कलनर परीक्षण थालिएको थियो । जाँच परिणामबाट बस्तीमा सङ्क्रमण जोखिम निकै बढेको पाइएको यादवको भनाइ छ । सङ्क्रमण बढेपछि बस्तीमा आम सर्वसाधारण त्रासमा परेसँगै सचेत पनि हुँदै गएका स्वास्थ्यकर्मीको ठम्याइ छ । ग्रामीण परिवेशको सो बस्तीमा स्वास्थ्य सचेतना नअपनाइँदा सङ्क्रमण बढेको स्वास्थ्यकर्मी बताउँछन् । बर्दिबास नगरक्षेत्रमा वैशाख महिनाभित्र १०० को हाराहारीमा सङ्क्रमण पुष्टिका घटनामध्ये अन्य वडा बस्तीमा छिटफुट पाइए पनि चेरुमा भने डरमर्दो स्थिति बनेको छ ।

# वीरगञ्जमा थप ४ जना संक्रमितको मृत्यु

वीरगञ्ज । कोरोना संक्रमणका कारण वीरगञ्जमा उपचार गराइरहेका थप चार जनाको मृत्यु भएको छ । संक्रमणका कारण पर्साका तीन जनार बाराका एक जनाको मृत्यु भएको हो । नेशनल मेडिकल कलेजले सञ्चालन गरेको बाबा होटेलस्थित अस्थायी कोभिड अस्पतालमा पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ५ धरमपुर निवासी एक बृद्धको मृत्यु भएको छ । एक हप्ता पहिले अस्पतालमा भर्ना भएका ८० वर्षका बृद्धको उपचारको क्रममा ज्यान गएको गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख प्रमेन्द्र साहले जानकारी दिए ।

यस्तै वीरगञ्जको नारायणी अस्पतालमा उपचार गराइरहेका वीरगञ्ज महानगरपालिका वडा नम्बर २६ सुगौली टोलकी ४५ वर्षकी महिलाको पनि कोरोना संक्रमणका कारण मृत्यु भएको छ । संक्रमणका कारण नारायणी अस्पतालमा उपचार गराइरहकी ती महिलाको मृत्यु भएको अस्पतालका कोभिड संयोजक डा.सरोजरोशन दासले जानकारी दिए ।

यस्तै वीरगञ्ज महानगरपालिका वडा नम्बर ५ निवासी ५८ वर्षकी महिलाको पनि बिहान साढे १ बजेको समयमा नारायणी अस्पतामै मृत्यु भएको छ । अस्पतालमा उपचारको लागि गत वैशाख २० गते भर्ना भएकी ती महिलामा त्यसको भोलिपल्ट गरिएको एन्टिजेन परीक्षणमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

त्यसैगरि अस्पतालमै बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २० ईनर्वा बस्डिल्वा निवासी ३५ वर्षका युवकको पनि मृत्यु भएको छ । गत वैशाख २८ गते अस्पतालमा उपचारको लागि भर्ना भएका ती युवकको त्यसको भोलिपल्ट गरिएको एन्टिजेन परीक्षणमा कोरोना संक्रमणको् पुष्टि भएको थियो ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकद्वारा चाइल्ड हेल्थलाई एक करोड सहयोग

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई एक करोड रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त चाइल्ड हेल्थ इन्स्टिच्युटअन्तर्गत रहने बाल अस्पतालको भवन निर्माणका लागि उक्त सहयोग प्रदान गरेको हो । शुक्रबार बैंकमा आयोजित एक कार्यक्रमबीच बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थका संस्थापक अध्यक्ष प्रा.डा. भगवान कोइरालाबीच आर्थिक सहयोग प्रदान गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनादेखि नै सामाजिक हितका कार्यलाई विशेष जोड दिएर अगाडि बढेको बताउँदै बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले समाजपयोगी यस कार्यमा काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थसँग सहकार्य गर्न पाउँदा अत्यन्तै खुशी लागेको बताए । उनले कोभिड-१९ को अहिलेको महामारीले पनि अस्पताल जस्ता स्वास्थ्य पूर्वाधारमा ठूलो लगानीको आवश्यकता महशुस भएको बताउँदै अस्पताल भवन निर्माणमा गरिएको यस किसिमको सहयोगले आगामी दिनमा सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । इन्स्टिच्युटका अध्यक्ष डा. कोइरालाले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थले बालबालिकाहरूमा हुने जटिल र गम्भीर रोगको उपचार सहजएवं सुलभ बनाउने उद्देश्यले काठमाडौंको बूढानीलकण्ठमा बहुविशिष्टिकृत अस्पतालको निर्माण गर्न गइरहेको बताए ।

साथै यस इन्स्टिट्युटले बाँकी अन्य प्रदेशहरुमा पनि सोही प्रकृतिको सेटलाइट अस्पतालहरु सञ्चालन गर्न गइरहेको उनले बताए । डा. कोइरालाले बैंकले गरेको उक्त सहयोगले भावी पुस्ताको स्वास्थ्यका निमित्त महत्वपूर्ण भुमिका खेल्ने जनाउँदै बैंकलाई धन्यवाद ज्ञापन गरे । ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनादेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुमा सहकार्य गर्दै आएको छ ।

# अक्सिजनसहितको आइसोलेसन सेन्टर सञ्चालन

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले ४० बेडको अक्सिजनर स्वास्थ्यकर्मी सुविधासहितको आइसोलेसन कक्ष निर्माण गरेको छ । वडा- ४ स्थित गोपाल धर्मशालामा एक सय बेड पूर्वाधारसहित सुविधायुक्त आइसोलेसन कक्ष निर्माण गरिएको मेयर लालकिशोर साहले जानकारी दिए । उनका अनुसार, सय बेडको आइसोलेसन बनाएको भए पनि २५ वटा अक्सिजनसहितको ४० बेड मात्र सञ्चालनमा ल्याइएको छ । संक्रमितको चापअनुसार बेडहरू सञ्चालनमा ल्याइनेछ । आइसोलेसन कक्षमा बस्ने संक्रमितहरूका लागि खाना, औषधिर अक्सिजनको उपमहानगरपालिकाले निःशुल्क व्यवस्था गरेको छ भने संक्रमितलाई ल्याउनेर घरसम्म पुऱ्याउनका लागि २४सै घण्टा एम्बुलेन्सको व्यवस्था गरिएको छ । संक्रमितको हेरचाहर स्वास्थ्य उचारका लागि तीन सिफ्टमा एक चिकित्सकसहित ३/३ स्वास्थ्यकर्मी २४सै खटाइएको छ । हाल आइसोलेसन कक्षमा एक दर्जनभन्दा बढी संक्रमितहरू बसेका छन् । गम्भीर अवस्था भएपछि थप उपचारका लागि प्रादेशिक अस्पतालमा समन्वय गरी पठाउने गरेको छ ।

# बाँकेमा युवा संघद्वारा निःशुल्क एम्बुलेन्स सेवा सुरू

नेपालगन्ज । नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकटको युवा संघ नेपालले बाँके जिल्लामा निःशुल्क एम्बुलेन्स सेवा शुरु गरेको छ । नेपालगन्जमा मंगलबार युवा संघ नेपाल लुम्बिनी प्रदेशका अध्यक्ष किशोर थापाले एम्बुलेन्सको चाबी संघका बाँके जिल्ला अध्यक्ष कुस्माखर बस्याललाई हस्तान्तरण गर्दै कोरोना संक्रमित बिरामीका लागि एम्बुलेन्स सेवाको सुरुवात गरेका छन् । सो एम्बुलेन्स प्रदेशभरी कोरोना संक्रमित विरामीका लागि २४ सै घण्टा निःशुल्क उपलब्ध गराउँने संघका लुम्बिनी प्रदेश कमिटीका अध्ययष थापाले बताए । बाँके कोरोना संक्रमणको दोस्रो लहरमा जुधिरहेको अवस्थामा युवा संघ नेपाल लुम्बिनी प्रदेश र बाँकेले एम्बुलेन्स संचालमा ल्याएको हो । नेकपा एमालेका युवा नेता तथा युवा संघ नेपालका महासचिव दिपक जिएम, केन्द्रिय प्रकाशन बिभागका उपप्रमुख बिजय लामा, युथ फोर्स बिभागका शिब श्रेष्ठ, केन्द्रीय सदस्य काजी लामा र छितिज लामाले नेकपा बाँके जिल्ला अध्यक्ष अशोक कोईराला, जिल्ला कमिटी सदस्य अब्दुल हुसेन खाँ, प्रेम सुवेदी लगाएतका नेताहरुको उपस्थितिमा एम्बुलेन्स सेवा शुभारम्भ गर्नुका साथै एक सय थान पीपीइ, पाँच हजार थान माक्स लगायतको स्वास्थ्य सामाग्रीहरु समेत हस्तान्तरण गरिएको छ । यसैबीच आज एमाले बाँकेका नेता अब्दुलहुसेन खान, मन्जु कोइरालाले युवा संघका जिल्ला सचिव सुनिल रसाइली र खजुरा पालिकाका अध्यक्ष विकाश काउचालाई पीपीइ सेट हस्तान्तरण गरेका छन् । संघका महासचिव जिएम, केन्द्रीय सदस्य रत्ना गिरी लगायतको बिशेष सहभागिता रहेको थियो । कोरोना भाइरस संक्रमितको संख्या बढदै गइरहेको अवस्थामा युवा संघ नेपालले देशैभरी स्वयंसेवक परिचालन गरेर सहयोग गरिरहेको छ । देशैभरी कोरोना भाइरसबाट संक्रमित, मृत्यु हुनेको संख्या बढिरहेको तथा लकडाउनका कारण पीडितहरुको उद्धार, व्यवस्थापन एवं सहयोग गर्ने काम ती स्वयंम्सेवकहरुले देशैभरी गरिरहेको संघका उपमहासचिव एवं प्रवक्ता संजिप राईले बताए । कोभिड १९ को समस्या, समन्वय र सहयोगका सम्बन्धमा संघका तर्फबाट आवश्यक समन्वय एवं संयोजन गर्नका लागि संघका उपाध्यक्ष नितेश पौडेलको संयोजकत्वमा केन्द्रीय स्तरमा गठन भएको समितिले संयोजन गर्ने काम गरिरहेको छ । समितिले आवश्यक योजनाहरुको तय, कार्यान्वयन एवं विभिन्न कार्यक्रमहरु गरिरहेको छ । कोरोना तथा लकडाउनका कारण देशैभरी बिभिन्न समस्यामा रहेकाहरुको उद्धार, व्यवस्थापन, सहयोग लगायतका काम युवा संघले जारी नै राख्ने संघका सचिवालय सदस्य सुभाष साहले बताए । अहिले देशैभरी कोरोना भाइरस तथा लकडाउनका कारण धेरै मान्छे पीडामा रहेकाले उनीहरुलाई सक्दो सहयोग गर्नु आफूहरुको दायित्व रहेको स्वयंसेवकहरु बताउँछन् ।

# लुकाइएको अक्सिजन सिलिन्डर अस्पताललाई हस्तान्तरण

रौतहट ।रौतहटमा लुकाएरराखिएका अक्सिजन सिलिन्डर नियन्त्रणमा लिइ प्रहरीले अस्पताललाई हस्तान्तरण गरेको छ । ईलाका प्रहरी कार्यालय गंगापिपराबाट खटिएको प्रहरी टोलीले जिल्लाको दुर्गा भगवती गाउँपालिकामा लुकाएरराखिएका अक्सिजन सिलिन्डर नियन्त्रणमा लिएको हो । गाउँपालिकाको वडा नम्बर २ स्थित डोरी खोलाको पुलको फलाम काट्नको लागिराखिएको साढे ७ किलो तौल भएको भरिएको दुईर खाली एक थान सिलिन्डर नियन्त्रणमा लिइएकोरौतहटका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिए । नियन्त्रणमा लिइएको अक्सिजन सिलिन्डर गौर अस्पतालमा उपचाररत विरामीहरुको लागि अस्पतालकारेडियोग्राफी डा. कपिलदेव झालाई हस्तान्तरण गरिएको उनले बताए ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामर ... , कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं